# अतिरिक्त क्रियाकलापको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत
स्नातकोत्तर तह दोस्रो वर्ष (Ed.CE.598) को आवश्यकता परिपूर्तिका लागि
प्रस्तुत शोधपत्र


**प्रस्तुतकर्ता**

योगेन्द्र पालुङ्वा
परीक्षा रोल नं. २१८००५६/०६५
त्रि.वि. दर्ता नं. २३३२८/९०
जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी


२०७०

# अतिरिक्त क्रियाकलापको प्रभावकारिता

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत
स्नातकोत्तर तह दोस्रो वर्ष (Ed.CE.598) को आवश्यकता परिपूर्तिका लागि
प्रस्तुत शोधपत्र


**शोधार्थी**
योगेन्द्र पालुङ्वा
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी


त्रि.वि. दर्ता नं. २३३२८/९०
परीक्षा रोल नं. २१८००५६/०६५

शोधपत्र बुझाएको मिति : २०७१/०१/०४
भाइभा मिति : २०७१/०२/११
(इ.सं. : २५/०५/२०१४)

☎ ०२५-५८१३००
५८००६४

# जनता बहुमुखी क्याम्पस

इटहरी, सुनसरी
स्थापित: २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि. परिषद्बाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय

प.सं.:
च.नं.: मिति :

---

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष (Ed.CE. 598) को प्रयोजनका लागि मेरो निर्देशन र सुपरीवेक्षणमा रही छात्र योगेन्द्र पालुङ्वाले “अतिरिक्त क्रियाकलापको प्रभावकारिता”, शीर्षकमा शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्य प्रति सन्तुष्ट छु । प्रस्तुत शोध पत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति : ....................

..................................
शोध निर्देशक
उप- प्रा. राजन शर्मा

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
जनता बहुमुखी क्याम्पस, ईटहरी, सुनसरी

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत पाठ्यक्रम तथा मुल्याङ्कन मूल विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र योगेन्द्र पालुङ्वाले **अतिरिक्त क्रियाकलापको प्रभावकारिता** शीर्षकमा शोधपत्र तयार गरी आवश्यक मूल्याङ्कन गर्न स्वीकृतिका लागि सिफारिस पत्रका साथ यस समितिमा पेश गर्नु भएकोमा स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समितिः** **हस्ताक्षर**

१. श्री टोलनाथ काफ्ले ..........................
(विभागीय प्रमुख)

२. श्री राजन शर्मा ..........................
(शोध निर्देशक)

३. ..........................
(बाह्य परीक्षक)

मिति : ....................

## कृतज्ञता-ज्ञापन

प्रस्तुत शोधपत्र, "अतिरिक्त क्रियाकलापको प्रभावकारिता" शीर्षकको शोधपत्रको प्रस्तावनाको लेखन कार्यदेखि शोधपत्र लेखन कार्यसम्म आफ्नो अमूल्य सहयोग, सल्लाह, सुझाव एवं निर्देशनका साथै हौसला र प्रेरणा प्रदान गर्नुहुने आदरणीय गुरु राजन शर्माज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसै गरी खोज अनुसन्धानमा प्रेरणा जगाउने तथा अनुसन्धान गर्न अवसर प्रदान गर्नुहुने शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्न विभागका विभागीय प्रमुख श्री टोलनाथ काफ्लेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै मलाई स्नातकोत्तर तहमा अध्यापन गरी अनुसन्धान कार्य गर्न सक्षम बनाउनु हुने सम्पूर्ण गुरुज्यूहरुप्रति समेत आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराउनु हुने सम्बन्धित विद्यालयका प्राचार्य/प्रधानाध्यापक, शिक्षक, विद्यार्थी एवं अभिभावकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि तथा आवश्यक रुपमा उच्च शिक्षा हासिल गराउन पूर्ण रुपमा योगदान पुर्‍याउनु हुने पूजनीय माता पिता श्री चक्रबहादुर पालुङ्वा तथा विष्णुमाया पतङ्वा, दाजुहरु के.पी. पालुङ्वा र डि.बी. पालुङ्वाप्रति आभार व्यक्त गर्न चाहन्छु । उच्च शिक्षा हासिल गर्ने क्रममा निरन्तर आवश्यक प्रेरणा र हौसला प्रदान गर्ने जीवन साथी श्रीमती दिलमाया यक्सो सुब्बालाई धन्यवाद दिन चाहन्छु । यसै गरी अनुसन्धानका क्रममा ज्यादै महत्वपूर्ण सहयोग प्रदान गर्नुहुने अनन्य मित्र श्री मोहन श्रेष्ठज्यू र टङ्कन कार्यमा सहयोग गर्नु हुने हिमाल डिजिटल सर्भिसलाई समेत हृदयदेखि नै आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्न विभागका सम्पूर्ण परिवारलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मिति : ........................ योगेन्द्र पालुङ्वा

# शोधसार

विद्यार्थी विद्यालय परिवारको एक महत्वपूर्ण पक्ष हो । यिनै विद्यार्थीहरुलाई पाठ्यक्रमले निर्देशित गरेको उद्देश्य र सिकाइ उपलब्धी हासिल गराउनु विद्यालयको प्रमुख कार्य रहेको हुन्छ । तर सिकाइका लागि पाठ्यपुस्तक र कक्षा कोठा भित्रको सिकाइ मात्र पर्याप्त हुँदैन । किनकी विद्यार्थीहरुको लागि चौतर्फी विकासको आवश्यकता पर्दछ । विद्यार्थीहरुको व्यक्तित्व विकासमा शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षसँग सम्बन्धित रही कक्षा कोठाको शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन गरिने विभिन्न कृयाकलापहरुलाई अतिरिक्त कृयाकलाप भनिन्छ ।

अतिरिक्त कृयाकलापहरुले विद्यार्थीहरुमा रहेको अन्तरनिहित क्षमतालाई प्रस्फुटन गर्न सहयोग गर्दछ । प्रस्तुत अध्ययन सामुदायिक विद्यालयमा अतिरिक्त कृयाकलापको प्रभावकारिता शीर्षक राखी सोको पहिचान गर्न यो शोधकार्य गरिएको हो । यो अध्ययन अतिरिक्त कृयाकलाप सम्बन्धि सरोकारवालाहरुको धारणा, अतिरिक्त कृयाकलापका कार्यक्रमहरुको प्रभावकारिता र अतिरिक्त कृयाकलापमा छात्राछात्रहरुको सहभागिता पत्ता लगाउन केन्द्रित रहेको थियो । यो अध्ययन विद्यालय तहमा अतिरिक्त कृयाकलापको अवस्था पत्ता लगाउन साथै अतिरिक्त कृयाकलाप र यसले विद्यार्थीको सिकाइमा पारेको प्रभाव विश्लेषण गर्न यो अध्ययन केन्द्रित रहेको थियो ।

यो अध्ययन सुनसरी जिल्ला अन्तरगतको धरान नगरपालिका भित्रका ५ वटा सामुदायिक विद्यालयहरुमा गरिएको अतिरिक्त कृयाकलापसँग केन्द्रित रहेको छ । यस अध्ययनमा आवश्यक सूचनाहरु संकलन गर्न अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल र अवलोकन अध्ययन आदिको प्रयोग गरिएको थियो । विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी एवं अभिभावकहरुबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

अतिरिक्त कृयाकलाप सम्बन्धी सरोकारवालाहरुको धारणा लेखाजोखा गर्दा विद्यार्थीहरुको चौतर्फी विकासका लागि विद्यालयहरुमा कक्षा शिक्षण बाहेक अतिरिक्त समयमा सञ्चालन हुने कार्यक्रमलाई अतिरिक्त कृयाकलापको रुपमा लिइएको पाइयो । विद्यार्थीहरुको कला, सौन्दर्य र सृजनात्मक क्षमता उजागर गर्ने कृयाकलापलाई पनि अतिरिक्त कृयाकलापको रुपमा लिइएको पाइयो । अतिरिक्त कृयाकलापले कक्षा कोठामा सिकेको ज्ञान वा शीपलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न सहयोग गरेको देखियो । अतिरिक्त कृयाकलाप अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरुमा खेलकुद, साँस्कृतिक कार्यक्रम, साहित्यिक गतिविधि, नाटक, प्रतियोगिता, सरसफाई कार्यक्रम, चित्रकला र हस्तकला प्रतियोगिता, हाजिरीजवाफ र हिज्जे प्रतियोगिता आदि रहेको देखियो । यी कार्यक्रमहरुलाई विद्यालयले उपलब्ध स्थानीय स्रोत साधन र सामग्री अनुसार सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रमहरुको लागि आवश्यक पर्ने स्रोत र सामग्रीहरुमा खेल मैदान लगायत, खेल सामग्री अन्तर्गत भलिबल, फुटबल, क्यारामबोर्ड, रिङ्ग, डोरी आदि रहेको पाइयो । यसैगरी साँस्कृतिक कार्यक्रम र नाटक प्रदर्शनीका लागि हार्मोनियम, मादल, झ्याम्टा, साउण्ड सिष्टम आदि आवश्यक पर्ने देखियो । चित्रकला र हस्तकला आदिको लागि विभिन्न किसिमका रंग, ब्रस, कागज र कपडा रहेको पाइयो । अतिरिक्त तथा सहकृयाकलाप स्रोत पुस्तिका (२०६१) मा उल्लेख गरिएका साधनहरुमध्ये आफ्नो विद्यालयहरुमा थोरै साधन र सामग्रीहरु रहेको सरोकारवालाहरुको प्रतिकृया रहेको पाइयो । विद्यालयहरुमा उपलब्ध स्रोत र साधनहरुप्रति प्र.अ., शिक्षक र विद्यार्थीहरुको आंशिक

सन्तुष्टि रहेको पाइयो । अतिरिक्त कार्यक्रमले विद्यार्थीहरुमा नियमित अध्ययन गर्ने बानीको विकास, बोल्न सक्ने र नेतृत्व लिन सक्ने क्षमता प्रदान सृजनात्मक सोच, अनुशासित रहने बानीको विकास तथा शीप विकासका पक्षहरुमा सहयोग गरेको देखियो ।

अतिरिक्त कृयाकलापका कार्यक्रमहरुलाई छनौटमा परेका सबै विद्यालयहरुले अन्तर सदनको आधारमा सञ्चालन गर्ने गरेको पाइयो । प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित हुने गरी विद्यार्थीहरुलाई सदनमा विभाजन गर्ने गरेको पाइयो । छनौटमा परेका विद्यालयहरु मध्ये एउटा विद्यालयले महिनामा २ पटक र एउटा विद्यालयले मात्र प्रत्येक शुक्रबार कार्यक्रमहरु गर्ने गरेको पाइयो । २ वटा विद्यालयले वार्षिक कार्य योजनामा नै कार्यक्रमहरुको विवरण उल्लेख गरेको पाइयो भने एउटा विद्यालयले वार्षिक कार्य योजनामा कार्यक्रमहरु उल्लेख गरेको पाइएन । अतिरिक्त कृयाकलाप सञ्चालनको आधारहरुमा सबै विद्यार्थीहरुको समान सहभागिता, विद्यार्थी केन्द्रित कृयाकलाप, लैंगिक समानता, विद्यालयको आवश्यकता, आर्थिक अवस्था र प्राप्त सुविधाहरु तथा विद्यालयका प्रधानाध्यापक शिक्षक र विद्यार्थीहरुको सक्रिय सहभागिता रहेको पाइयो । विद्यालयको खेल मैदान र खेल सामग्रीको अभाव विद्यालयको आर्थिक स्रोत, भौतिक सामग्री, दक्ष जनशक्ति वा तालिम प्राप्त शिक्षकको अभाव, विद्यालयमा हुने लैंगिक र जातिगत भेदभाव विद्यार्थीहरुको न्यून सहभागिता, अनुशासनको कमी, प्र.अ. शिक्षक र विद्यार्थीहरुबीचमा सहमति र सहयोगको अभाव तथा अतिरिक्त कृयाकलापहरुको निरन्तर मूल्यांकन र अनुगमन नहुनु जस्ता पक्षहरु अतिरिक्त कृयाकलाप सञ्चालनमा बाधा गर्ने तत्वको रुपमा रहेको पाइयो । अतिरिक्त कृयाकलापहरुलाई नियमित र स्तरीय बनाउनुको लागि कार्यक्रमहरुसँग सम्बन्धित पक्षहरुको एक आपसमा प्रकार्यात्मक सम्बन्ध, प्रतिभाको दृष्टिकोणबाट सन्तुलित र व्यवस्थित हुने गरी विद्यार्थीहरुलाई सदनमा विभाजन, कार्यक्रममा भाग लिने विद्यार्थीहरुलाई पुरस्कार र प्रोत्साहन, कार्यक्रमका लागि आवश्यक पर्ने आर्थिक एवं भौतिक स्रोत जुटाउने, लैंगिक र जातीय भेदभावको अन्त्य, विद्यार्थीहरुप्रति समान व्यवहार, कार्यक्रमहरुको बारेमा पूर्व जानकारी र योजना निर्माण, विद्यार्थी केन्द्रित कार्यक्रम तथा कार्यक्रम सञ्चालन व्यवस्थापन र मूल्यांकनमा एकरुपता ल्याउनु पर्ने सुझाव प्रस्तुत गरिन्छ ।

छनौटमा परेका सबै विद्यालयहरुमा अध्ययनमा राम्रो दखल भएका विद्यार्थीहरु नै अतिरिक्त कृयाकलापमा सहभागिता बढी भएको देखियो । लैंगिक रुपमा विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलापमा समान सहभागिता भएको पाइयो । यसरी यस अध्ययनबाट अतिरिक्त क्रियाकलापको सम्बन्धमा देखिएका प्रभावहरुले विद्यालयसँग सम्बन्धित सबै पक्षलाई सहयोग गरेको छ ।

# विषयसूची

| शीर्षक | | पृष्ठ सं. |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | iv |
| | **परिच्छेद-एक** | |
| | **परिचय** | |
| १.१ | अध्ययनको परिचय | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य/महत्व | ४ |
| १.४ | अध्ययनका उद्देश्यहरु | ५ |
| १.५ | अध्ययनको परिसीमा | ६ |
| १.६ | शब्दावलीहरुको परिभाषा | ६ |
| | **परिच्छेद-दुई** | |
| | **सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन** | |
| २.१ | साहित्यको पुनरावलोकन | ७ |
| २.२ | सैद्धान्तिक खाका | १० |
| २.३ | अध्ययनको उपादेयता | १२ |
| | **परिच्छेद-तीन** | |
| | **अध्ययनको ढाँचा तथा विधि** | |
| ३.१ | अनुसन्धान ढाँचा | १४ |
| ३.२ | जनसंख्या | १५ |
| ३.३ | नमूना छनौट | १५ |
| ३.३.१ | जिल्लाको छनौट | १५ |
| ३.३.२ | स्रोत केन्द्रको छनौट | १५ |
| ३.३.३ | विद्यालयको छनौट | १५ |
| ३.३.४ | प्रधानाध्यापक/प्राचार्य तथा शिक्षकको छनौट | १५ |
| ३.३.५ | अभिभावकको छनौट | १६ |
| ३.३.६ | विद्यार्थीको छनौट | १६ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | १६ |
| ३.४.१ | प्राथमिक स्रोतहरु | १६ |
| ३.४.२ | द्वितीय स्रोतहरु | १६ |
| ३.५ | साधनहरुको निर्माण | १६ |
| ३.५.१ | अन्तर्वार्ता | १६ |
| ३.५.२ | प्रश्नावली | १७ |

३.५.३ लक्षित समूह छलफल निर्देशिका १७
३.५.४ अवलोकन फारम १७
३.६ साधनहरुको वैधता १७
३.७ तथ्याङ्क संकलन प्रकृया १७
३.७.१ तथ्याङ्क संकलनका तरिकाहरु १८
३.७.१.१अन्तर्वार्ता १८
३.७.१.२प्रश्नावली १८
३.७.१.३अवलोकन १८
३.७.१.४समूह छलफल १८
३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया १९

**परिच्छेद-चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ विद्यालय तहमा अतिरिक्त कृयाकलापको अवस्था २०
४.१.१ अतिरिक्त क्रियाकलापको सञ्चालन २१
४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालनको समय तालिका २१
४.१.३ अतिरिक्त क्रियाकलाप सामग्रीहरुको अवस्थाबारे प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया २२
४.१.४ अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था सम्बन्धि प्र.अ. र विद्यार्थीको प्रतिक्रिया २३
४.१.५ अतिरिक्त क्रियाकलाप सञ्चालन बारे शिक्षक र विद्यार्थीको प्रतिक्रिया २४
४.१.६ अतिक्ति क्रियाकलाप सञ्चालन पश्चात पुरस्कारको व्यवस्था सम्बन्धी प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया २४
४.१.७ अतिरिक्त क्रियाकलाप सञ्चालन र समन्वय गर्ने गरेको सम्बन्धित पक्षहरु सम्बन्धमा शिक्षकको प्रतिक्रिया २५
४.१.८ अतिरिक्त क्रियाकलाप सञ्चालनमा विद्यालय प्रशासनको सहयोग सम्बन्धी विद्यार्थी प्रतिक्रिया २५
४.१.९ अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धिमा पार्ने असर सम्बन्धी प्र.अ. र शिक्षकको प्रतिक्रिया २५
४.१.१०आर्थिक व्यवस्था सम्बन्धी प्र.अ. र शिक्षकको प्रतिक्रिया २६
४.२ अतिरिक्त क्रियाकलापमा विद्यार्थीको रुचि २६
४.२.१ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी प्र.अ.को प्रतिक्रिया २७
४.२.२ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता सम्बन्धी शिक्षकहरुको प्रतिक्रिया २८
४.२.३ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी विद्यार्थीसँग गरिएको समूह छलफल २८
४.२.४ अन्तर विद्यालय प्रतियोगितामा भाग लिएको बारे प्र.अ. शिक्षक र विद्यार्थी

प्रतिक्रिया २९

४.२.५ अतिरिक्त क्रियाकलापमा सहभागिता हुँदा अभिभावकको सहयोग सम्बन्धी विद्यार्थी प्रतिक्रिया ३०
४.२.६ अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया र विद्यार्थी सहभागिताको तरिका सम्बन्धी प्र.अ. शिक्षक र विद्यार्थी प्रतिक्रिया ३१
४.२.७ अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या र समाधानका उपायबारे प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया ३१
४.३ अतिरिक्त क्रियाकलाप र यसले विद्यार्थीको सिकाईमा पारेको प्रभाव ३२

**परिच्छेद-पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ मुख्य प्राप्तिहरु ३४
५.२ निष्कर्ष ३५
५.३ सुझावहरु ३७

# परिच्छेद - एक

# परिचय

कुनै पनि अध्ययन अनुसन्धान एक महत्वपूर्ण तथा जटिल कार्य हो । माध्यमिक तहको विद्यालयमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता शीर्षक राखी गरिएको यस शोधपत्र तयार गर्ने क्रममा यसभित्र विभिन्न परिच्छेदहरु छुट्याइएको छ । परिच्छेद एक परिचय खण्डमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको औचित्य ⁄ महत्व, अध्ययनको उद्देश्य, अध्ययनको परिसीमा तथा शब्दावलीहरुको परिभाषा क्रमशः समावेश गरिएको छ ।

## १.१ अध्ययनको परिचय

शिक्षाको इतिहासलाई खोतलेर हेर्ने हो भने यसको उत्पति मानव सभ्यताको शुरुवात सँगसँगै भएको र विकास पनि मानव सभ्यतासँगै क्रमिक रुपमा भएको पाइन्छ । मानिस विभिन्न कालखण्डहरु पार गर्दै अहिलेको विकसित, आधुनिक एवं वैज्ञानिक युगमा आइपुगेको छ, ठीक त्यसैगरी शिक्षाले पनि विभिन्न काल, परिस्थितिहरुमा उतारचढावहरुको सामना गर्दै विकसित तथा आधुनिक रुप लिन पुगेको छ । ढुंगे युगमा खाना प्राप्त गर्नुलाई कला ज्ञान मानिन्थ्यो र त्यो नै शिक्षा थियो । प्राचीन कालमा मोक्ष प्राप्त गर्नुलाई ज्ञान (शिक्षा) मानिन्थ्यो । प्राचीन सभ्यताको विकास क्रमसँगै मानव जातिले व्यक्तिको नैतिक शिक्षामा जोड दिन थाले । त्यसबेलाको शिक्षामा धर्मको प्रत्यक्ष प्रभाव थियो । शिक्षा अनुकरण, घोकन्ते तथा अनुशासनमा आधारित थियो । धर्म गुरु, पादरी तथा सन्त महन्तहरु ज्ञानका प्रचारक थिए भने धार्मिक ग्रन्थहरु ज्ञानका स्रोतहरु मानिन्थे । धर्म गुरुको निगाहा र निर्देशनमा नै शिक्षा सीमित थियो । यसरी प्राचीन कालिन शिक्षा गुरुकुल, प्रणालीमा आधारित थियो । शिक्षा लिनु भनेको गुरुको आश्रममा बसेर, गुरुले भनको मान्ने, गुरुको सेवा भक्ति गरी शिक्षा मागेर गुरुलाई खुवाउँनु, धनु विद्या हासिल गरी सिकार गर्नु र गुरुले भनेको, पढाएका कुराहरु कन्ठस्थ पारेर सुनाउँनु नै त्यस बेलाको शिक्षा प्रणाली थियो । शिक्षा अनौपचारिक स्वरुपको थियो । बालबालिकाहरले घर-परिवारबाट नै शिक्षा प्राप्त गर्दथे। बाबुले छोरालाई आफूले गर्ने कामकाज तथा पुरुषले गर्ने व्यवहार, आचरणको ज्ञान दिन्थे भने आमाले छोरीलाई घरभित्रका कामकाज तथा महिलाले गर्ने व्यवहार आचरणको ज्ञान दिने परिपाटी थियो । यसरी प्राचीन कालदेखि नै अनियमित र अनौपचारिक तरिकाले घरपरिवारबाट अतिरिक्त क्रियाकलाप सम्बन्धी शिक्षा दिने गरिन्थ्यो । (श्रेष्ठः २०६५)

शिक्षालाई व्यवाहारिक जीवनमा समय सापेक्ष बनाई विद्यार्थीहरुमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता तथा प्रजातान्त्रिक मान्यता अनुसारको भावना विकास गराउँने र इमान्दारिता एवं नैतिकता जस्ता आधारभूत मानवीय गुणहरुको विकास गराउँने र सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउँने उद्देश्य अनुसार विद्यालय स्तरमा पाठ्यक्रम विकास प्रक्रियाको थालनी गरिएको छ । वि.सं. २००७ सालभन्दा अगाडि शिक्षाको लिखित रुपमा उद्देश्यहरु नभएता पनि अध्ययन गर्नका लागि दिइएका विषयहरुको आधारमा विद्यार्थीहरुलाई नेपाली, अंग्रेजी र संस्कृत भाषा पढाउँदथे साथै भाषागत दक्षता वृद्धि गर्ने उद्देश्य रहेको पाइन्छ । केही हदसम्म कलामा उन्मुख गराउँने प्रकृतिका क्रियाकलापमा सहभागि गराउँने अभिप्राय देखिन्छ । वि.सं. २००७ साल पछिका परिमार्जित पाठ्यक्रमले विद्यालय तहका विद्यार्थीहरुलाई आधारभूत मानवीय शरीर विज्ञान र व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञानलाई पनि समावेश गरेको पाइन्छ । २००७ साल पछाडि नेपालको पहिलो गठित नेपाल राष्ट्रिय शिक्षा योजना आयोग- २०१० ले पनि व्यक्तिको सर्वाङ्गीण पक्षको विकासमा जोडदिँदै “शिक्षाले नागरिकको सर्वाङ्गीण विकास गर्नेछ ।” भनि शिक्षाले अतिरिक्त क्रियाकलापमा बढी महत्व दिएको पाइन्छ । त्यसपछि गठित रा.शि.प. यो. २०२८ ले पहिलोपटक स्पष्ट रुपमा विद्यालय तहको शिक्षको उद्देश्यमा विद्यार्थीहरुमा असल चरित्रको विकास गर्ने, राम्रो अनुशासन, उच्च नैतिक आचरण र श्रमप्रतिको सकारात्मक भावना भएका नागरिकहरु तयार पार्ने उद्देश्य राख्यो । यसरी वि.सं. २०२८ सालको आयोगले प्रष्ट रुपमा व्यक्तिको सर्वाङ्गीण विकासमा अतिरिक्त क्रियाकलापलाई जोड दिएको पाइन्छ । प्राथमिक तहको पाठ्यक्रम ‘सिर्जनात्मक अभिव्यक्तिशील कला’ विषयको ५० पूर्णाङ्कको पाठ्यक्रम तोकिएता पनि निम्न माध्यमिक तथा माध्यमिक तहको पाठ्यक्रमले छुट्टै अतिरिक्त क्रियाकलापको पाठ्यक्रम हालसम्म व्यवस्था नभएको देखिन्छ । (अधिकारी : २०६५)

विद्यालयले मुख्य सम्पत्ति भनेको विद्यार्थी हुन, समुदायको उन्नतिको लागि विद्यालयको स्थापना गरिएको हुन्छ । विद्यार्थीहरुको आन्तरिक गुणलाई बाहिर ल्याउँनु मानवीय विकासको ढोका खोल्नु, उनीहरुको आचरणको निर्माण र विकास गर्नु, शरीर, मन र आत्मामा रहेको असल कुराहरुलाई बाहिर निकाल्नु नै विद्यालयको देन मानिन्छ । विद्यालयमा बालबालिकालाई असल, सच्चा र नैतिकवान बनाई आवश्यक पर्ने गुणहरुको विकास गराइन्छ । यसर विद्यार्थीहरुमा पढाइको अतिरिक्त उनीहरुको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं सामाजिक विकास गर्नको लागि अतिरिक्त क्रीयकलाप एक महत्वपूर्ण माध्यम मानिन्छ । (पलिखे : २०६५)

विद्यार्थीहरुको सर्वाङ्गीण व्यक्तित्वको विकास गर्नको लागि कक्षा शिक्षणका साथै कक्षाकोठा बाहिर गरिने अन्य सह-कृयाकलापहरुलाई नै अतिरिक्त कृयाकलाप भन्ने बुझिन्छ। यदि कुनै पनि कृयाकलाप पाठ्यक्रम भित्र रहेर गरिन्छ भने त्यस कृयाकलापलाई सह-कृयाकलाप भनिन्छ । अतिरिक्त कृयाकलापहरु पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाठ्यक्रमले तोकेको विषयवस्तुसँगै बढी सम्बन्धित हुने हुनाले आजभोलि यस्ता सबै अतिरिक्त कृयाकलापलाई समेत सह-कृयाकलापकै रुपमा पनि लिने गरिन्छ । कतिपय अवस्थामा अतिरिक्त कृयाकलाप र सह-कृयाकलापबीच सीमा रेखा छुट्याउन पनि सकिदैन । अहिलेको आधुनिक अवधारणा अनुसार अतिरिक्त कृयाकलापलाई मात्र अतिरिक्त कृयाकलापको रुपमा नहेरी सह-कृयाकलापकै रुपमा हेर्ने गरिन्छ । विद्यार्थीहरुको शारीरिक, बौद्धिक, रचनात्मक तथा मनोवैज्ञानिक पक्षको विकास गर्न अतिरिक्त कृयाकलापको व्यवस्था अनिवार्य र अपरिहार्य बनिसकेको छ । यस्ता कृयाकलापहरु विद्यार्थीको शैक्षिक विकासको अभिन्न अंगका रुपमा विकसित हुन थालेका छन् । यस परिवेशमा अतिरिक्त कृयाकलापलाई पाठ्यक्रियाकलापकै रुपमा हेरिनु पर्दछ ।

जसरी गुणस्तर विहिन वस्तुको कुनै मूल्य हुँदैन, त्यसरी नै विद्यार्थीहरुमा पनि गुणस्तर भएन भने त्यसले परिवार, समाज र राष्ट्रलाई नै कुनै पनि फाइदा पुग्दैन । विद्यार्थीहरुले सीपमूलक, सृजनात्मक र व्यवहारिक ज्ञान प्राप्त नगरेसम्म उनीहरु योग्य तथा दक्ष बन्न सक्दैनन् । तसर्थ विद्यार्थीहरुमा शारीरिक, मानसिक, संवेगात्मक र सृजनात्मक पक्षको विकास हुन जरुरी यी पक्षहरुको विकासको लागि हरेक विद्यालयमा पढाइका अलावा अतिरिक्त क्रियाकलापको पनि त्यत्तिकै भूमिका रहेको हुन्छ । अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुमा शारीरिक, मानसिक या बौद्धिक तथा सामाजिक भावनाको विकास गर्दछ भने बालबालिकाहरुको सृजनात्मकताको पनि मूल्यांकन तथा विकास गर्ने अवसर प्रदान गर्दछ । यसले गर्दा भोलिको राष्ट्र निर्माणमा उनीहरुको प्रत्यक्ष सहयोग पुग्दछ ।

## १.२ समस्याको कथन

नेपालको वर्तमान शिक्षालाई समय सापेक्ष वैज्ञानिक, व्यवहारिक तथा जीवनोपयोगी बनाउनका लागि राष्ट्रको बजेटको सबैभन्दा ठूलो अंश शिक्षामा विनियोजन गरिएको छ । विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि पाठ्यक्रमलाई पनि समय सापेक्षा संशोधन र परिमार्जन गर्दै अतिरिक्त क्रियाकलापहरु समेत थप गर्दै विद्यार्थीको चौतर्फी विकासमा ध्यान पुर्‍याउन जरुरी छ । तर पाठ्यक्रमले निर्दिष्ट गरेका त्यस्ता अतिरिक्त क्रियाकलापहरुको विद्यालय तहमा कतिको

प्रभावकारिता रहेको छ, त्यस्ता क्रियाकलापहरुले विद्यार्थीको सर्वाङ्गीण विकासमा कस्तो सहयोग पुऱ्याएको छ भन्ने सन्दर्भमा अध्ययन, अनुसन्धान हुन जरुरी छ । यसै क्रममा पूर्वाञ्चलको एक महत्वपूर्ण शैक्षिक केन्द्र, धरानमा विद्यालय तहमा के कस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन हुन्छन् ? ती क्रियाकलापहरुको प्रभावकारिता कस्तो छ ? विद्यालय तहमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरु विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास गराउनमा उपयुक्त छ/छैन ? सर्वाङ्गीण विकास गराउन सहयोग गरेको छ/छैन ? अतिरिक्त कृयाकलाप मार्फत विद्यार्थीहरुमा राष्ट्रिय एकता, सार्वभौमिकता तथा प्रजातान्त्रिक मान्यता अनुसारको भावना विकास गराउन सकिन्छ/सकिँदैन ? अर्थात् यी पक्षहरुको विकासका लागि अतिरिक्त क्रियाकलाप/पाठ्यक्रम सक्षम छ/छैन ? विद्यार्थीहरुमा लोकतन्त्र, नागरिक कर्तव्य र व्यवहार जस्ता व्यवहारिक शिक्षा सम्बन्धी ज्ञान दिन पाठ्यक्रममा समावेश भएका विषयवस्तुहरु पर्याप्त छन् ? खेलकुद र शारीरिक शिक्षा, सामाजिक मूल्य र मान्यता जस्ता प्रमुख विषय क्षेत्रमा विद्यार्थीहरुको आचरण तथा व्यवहार परिवर्तन गराउन पाठ्यक्रम कति सफल भएको छ ? पाठ्यक्रमका उद्देश्य सुहाउँदो अतिरिक्त कृयाकलापका विषयवस्तु र कृयाकलाप सुहाउँदो शिक्षण सिकाई कृयाकलाप र त्यसै अनुरुपका मूल्याङ्कनका साधनहरुको निर्माण गर्न सकिएको छ कि छैन ? यिनै विविध समस्याहरु देखिएका कारण यो विषय खोजको विषय मानिएको छ । त्यसैले विद्यालय तहको अतिरिक्त क्रियाकलाप विषयको पाठ्यक्रमको प्रभावकारिता अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य/महत्व

विद्यालयको पठनपाठन जबसम्म विद्यार्थीहरुमा आफ्ना अनुभवहरु समेटिदैन तबसम्म सिकाइ अर्थपूर्ण, व्यवहारिक र जीवनोपयोगी हुँदैन । कक्षा भित्रका सिकाई क्रियाकलापहरुलाई कक्षा बाहिर गरिने खेलकुद, हाजिरी जवाफ, अन्ताक्षरी, वादविवाद, वक्तृत्वकला प्रतियोगिता, नृत्य, हिज्जे, श्रुतिलेखन, चित्रकला जस्ता अतिरिक्त क्रियाकलापहरुले सिकाइलाई सबलीकरण गराई उनीहरुको दक्षता मूल्याङ्कन गर्न समेत सघाउ पुऱ्याउँछ । यसबाट बालबालिकाहरुले वास्तविक अनुभव हासिल गर्न पाउँछन् । पाठ्यक्रम जतिकै महत्वपूर्ण सामान्य शिक्षाको पुरक अंगको रुपमा अतिरिक्त क्रियाकलापले विभिन्न किसिमको प्रयोगात्मक क्रियाकलाप र प्रतियोगितात्मकसँग सम्बन्धित भई व्यक्तिमा व्यवहारिक परिवर्तन ल्याउँछ । अतिरिक्त क्रियाकलापलाई विभिन्न विषयमा धारणा बसाउन उपयोग गर्नु पर्दछ । पाठ्यक्रमले निर्दिष्ट गरेको सिकाई उपलब्धिहरु पाठ्यपुस्तकबाट मात्रै पूरा हुन सक्दैन । तसर्थ गुणात्मक शिक्षा प्रदान गरी व्यवहारिक ज्ञान तथा सीप प्रदान गर्न

अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहन्छ । यस्ता क्रियाकलापले रचनात्मक प्रतिभा साथै सामाजिक सेवा समझदारी, अनुशासित जीवन तथा वातावरण जस्ता कुराहरुको विकास मात्रै नभएर दैनिक जीवनयापनको रुपमा बानी तथा आचरणको विकास गराउँन समेत ठूलो योगदान पुऱ्याउँछ । त्यसैले विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सचालन गरी विद्यार्थीहरुलाई सृर्जनात्मक बाटो तर्फ अग्रसर गराउँन अतिरिक्त क्रियाकलापको महत्वपूर्ण स्थान रहन्छ ।

यस अध्ययनबाट निष्किएको निष्कर्षले विद्यालय व्यवस्थापन गर्ने समिति र विद्यालय प्रशासन सञ्चालन गर्ने प्रधानाध्यापक, पठनपाठन कार्यमा प्रत्यक्ष संलग्न हुने शिक्षकहरु, अभिभावक र स्वयम् विद्यार्थीहरुलाई समेत सहयोग पुग्दछ । किनभने अतिरिक्त कृयाकलापको महत्व बुझ्न सकेमा विद्यालयमा अतिरिक्त कृयाकलाप सञ्चालन गरी यस मार्फत विद्यार्थीहरुको पढाई प्रति अभिरुचि जगाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्दछ ।

यस अध्ययनले यस पछि यस विषयमा अध्ययन गर्न चाहने र यस विषयमा अभिरुचि राख्ने सबैलाई महत्वपूर्ण स्रोतको रुपमा काम गर्न सक्छ ।

## १.४ अध्ययनका उद्देश्यहरु :

यस विषयको अध्ययनको मुख्य उद्देश्यहरु निम्नप्रकार रहेका छन् :

क) विद्यालय तहमा अतिरिक्त क्रियाकलापको अवस्था पत्ता लगाउन ।

ख) अतिरिक्त क्रियाकलापमा विद्यार्थीको रुची पत्ता लगाउन ।

ग) अतिरिक्त क्रियाकलाप र यसले विद्यार्थीको सिकाइमा पारेको प्रभाव विश्लेषण गर्न ।

## १.५ अध्ययनको परिसीमा :

अध्ययन कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले विभिन्न विधि र प्रक्रियाको प्रयोग गर्नुपर्दछ । थोरै समयमा सीमित साधन स्रोतको प्रयोग गरेर अध्ययन गर्नुपर्ने हुँदा यस अध्ययन सर्वव्यापक नहुन सक्दछ । त्यसैले विविध समस्यालाई ध्यानमा राखी यस अध्ययनलाई निम्नलिखित परिसीमामा रहेर अध्ययन गरिएको छ ।

क) यस अध्ययनलाई सुनसरी जिल्लाको धरान नगरपालिकामा मात्र सीमित गरिएको छ ।

ख) यो अध्ययन धरान स्रोत केन्द्रमा सीमित छ ।

ग) यस अध्ययनले विद्यालयमा हुने अतिरिक्त कृयाकलापलाई समेटेको छ ।

घ) यो अध्ययन सामुदायिक विद्यालयमा मात्र सीमित छ ।

### १.६ शब्दावलीहरुको परिभाषा :

यस अध्ययनमा प्रयोग गरिएका विशिष्ट शब्दावलीहरुलाई तल प्रस्तुत परिभाषा अनुसार बुझ्नु पर्नेछ ।

प्राथमिक विद्यालय - कक्षा १ देखि कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई बुझाउँदछ ।

निम्नमाध्यमिक विद्यालय - कक्षा ६ देखि कक्षा ८ सम्म अध्यापन हुने विद्यालयलाई बुझाउँदछ ।

माध्यमिक विद्यालय - कक्षा ९ र १० अध्यापन हुने विद्यालयलाई बुझाउँदछ ।

उच्च माध्यमिक विद्यालय - कक्षा ११ र १२ अध्यापन हुने विद्यालयलाई बुझाउँदछ ।

प्राचार्य/प्रधानाध्यापक - उच्च माध्यमिक र माध्यमिक विद्यालयको प्रशासन प्रमुखलाई बुझाउँदछ ।

शैक्षिक सत्र - विद्यालयको पठनपाठन शुरु हुने वैशाख महिनादेखि अन्त हुने चैत्र मसान्तसम्मको अवधिलाई बुझाउँदछ ।

प्रभावकारिता - विद्यार्थीहरुको पठनपाठन र समग्र विकासमा पार्ने प्रभाव सकारात्मक असरलाई बुझाउँदछ ।

अतिरिक्त कृयाकलाप - पठनपाठन बाहेक विद्यालयबाट सञ्चालन हुने थप कृयाकलाप जस्तैः खेलकुद, साँस्कृतिक, साहित्यिक, बौद्धिक कृयाकलापहरुलाई बुझाउँदछ ।

## परिच्छेद - दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धानलाई सजिलोसँग अगाडि बढाउन त्यस भन्दा अघि सोही विषयमा गरिएको अध्ययन अनुसन्धानको समीक्षा गर्न जरुरी हुन्छ । त्यसैलाई नै पूर्व साहित्यको समीक्षा भनिन्छ । जसले अध्ययनलाई निष्कर्षमा पुऱ्याउन सजिलो पार्दछ । त्यसैगरी अध्ययनलाई कसरी अगाडी बढाउने भनेर केही सैद्धान्तिक ढाँचा तय गर्न जरुरी हुन्छ र सोही अनुसार अध्ययनलाई पूर्णता दिनु पर्दछ ।

### २.१ साहित्यको पुनरावलोकन

यस शोधकार्यमा अतिरिक्त क्रियाकलाप सम्बन्धी विभिन्न लेख, रचना, शिक्षा ऐन, शोधपत्र तथा अनुसन्धान प्रतिवेदनहरुको अध्ययन गरिएको छ । अध्ययन गरिएका दस्तावेजहरुमध्ये यस अध्ययनसँग मेल खाने र महत्वपूर्ण ठानिएका केही शोधपत्र तथा अध्ययनहरुको पुनरावलोकन गर्ने प्रयास गरिएको छ । यसका साथै यस अध्ययनसँग मेल खाने सैद्धान्तिक सिद्धान्तहरुको पनि अध्ययन गरिएको छ ।

शिक्षा नियमावली, २०५९ (पाँचौं संशोधन, २०६७ समेत मिलाईएको) का परिच्छेद-१४ मा 'अतिरिक्त क्रियाकलाप' को व्यवस्था उल्लेख गरिएको छ । उक्त परिच्छेदको नियम ७६ मा निम्न बमोाजिम अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरिएको पाइन्छ ।

१. विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासको लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२. अतिरिक्त क्रियाकलाप कार्यक्रममा शिक्षक तथा विद्यार्थी दुवैले भाग लिनुपर्नेछ ।

३. विद्यालयले अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

क) विद्यालयमा राष्ट्रियताको भावना जगाउने, मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरुप्रति अभिरुची बढाउँने किसिमका नाटक, नृत्य र लोक संगितको अभ्यास तथा प्रतियोगिता गर्ने,

ख) विद्यार्थीको शारीरिक विकासको लागि विभिन्न किसिमका खेलकुदहरु नियमित रुपमा अभ्यास र संचालन गर्ने,

ग) विद्यार्थीहरुमा सामाजिक सेवा र वातावरण संरक्षणप्रति चेतना बढाउने तथा विद्यार्थीहरुलाई शिक्षण संस्था, सामुदायिक स्थल, वा त्यस्तै अन्य स्थानको सरसफाई र संरक्षण, विद्यालय बगैंचा, करेसाबारीको निमार्ण, बृक्षारोपण र साक्षरता जस्ता कार्यक्रमहरमा संलग्न गराउँन प्रोत्साहित गर्ने,

घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय ऐतिहासिक, सामाजिक, धार्मिक पर्वको महत्व तथा नैतिकता सम्बन्धमा प्रवचन गर्न लगाउने,

ङ) स्काउट, जुनियर रेडक्रस जस्ता संस्थाका इकाई खोल्न प्रोत्साहित गर्ने।

४. उपनियम (१) बमोजिम अतिरिक्त क्रियाकलाप कार्यक्रम संचालन गर्ने सन्दर्भमा विद्यालयको देहायबमोजिमका प्रतियोगितामा विद्यार्थीहरुलाई भाग लिन लगाउनु पर्ने छ ।

क) चित्रकला र हस्तकाल प्रतियोगिता

ख) वाद्यवादन प्रतियोगिता

ग) नृत्य प्रतियोगिता

घ) नाटक प्रतियोगिता

ङ) वक्तृत्वकला प्रतियोगिता

च) हाजिरी जवाफ प्रतियोगिता

छ) हिज्जे प्रतियोगिता

ज) खेलकुद प्रतियोगिता

झ) साहित्यिक गतिविधि, कविता र निबन्ध प्रतियोगिता

ञ)  फूलबारी प्रतियोगिता

ट)  अन्य प्रतियोगिता

विद्यालयले शुक्रबारको दैनिक पाठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागि गराउनु पर्नेछ । जिल्ला शिक्षा अधिकारीले विद्यार्थीहरुलाई सहभागी गराई नियमित रुपमा जिल्ला स्तरीय बीरेन्द्र शिल्ड प्रतियोगिता संचालन गर्नुपर्नेछ ।

५.  विद्यालयले अतिरिक्त क्रियाकलाप संचालन गर्न आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

६.  उपनियम (४) बमोजिमको प्रतियोगितामा विशिष्टता देखाउँने विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहित गर्न पुस्कार प्रदान गर्न सकिनेछ ।

पलिखे (२०६५) कुनै पनि शिक्षण संस्थामा विद्यार्थीको लागि निर्धारित पाठ्यपुस्तक भन्दा बाहिरको कार्यक्रमलाई अतिरिक्त क्रियाकलाप भनिन्छ । यस अतिरिक्त क्रियाकलापले विशेष गरेर विद्यार्थी वर्गमा नयाँ प्रतिभाको विकास गर्ने काम गर्दछ । जुन विद्यार्थी यस विधाबाट बञ्चित हुन्छ, त्यो विद्यार्थी किताबी ज्ञानमा सीमित हुन पुग्दछ । हरेक क्षेत्रका कार्यमा संलग्न हुनेबेला भनेकै विद्यार्थी जीवन हो । यस जीवनमा यस्ता खालका क्रियाकलापबाट जोगिन खोज्दछ भने उसले भोलिका दिनहरुमा दुःख कष्ट र वेदनापूर्ण आँसुका थोपाहरुको भागी हुनुपर्दछ । यो विद्या अनिवार्य रुपमा लागू नगरिएता पनि बाहिरी ज्ञानका निम्ति सर्वमान्य हुन जान्छ ।

यस क्रियाकलापले व्यक्तिमा रहेको प्रतिभालाई खोज्ने काम गर्दछ । मार्ग दर्शकको रुपमा उपस्थित भएको हुन्छ र प्रगतिको शिखरमा पुऱ्याउने कार्य यसै क्रियाकलापले गरिराखेको हुन्छ । हुन पनि हो, मानव प्राणीहरु मध्येमा सर्वश्रेष्ठ प्राणी मानिन्छ । उसलाई खान लाउन र बस्नदेखि बाहेक अन्य रचनात्मक कार्यक्रममा लाग्नु उसको कर्तव्य ठहरिन्छ । यसले युग अनुसार विविध कुराको जानकारी लिन आवश्यक देखिन्छ । त्यसमा पनि विद्यार्थी वर्गले त कुरै नगरौं । विद्यार्थीले पढाइका साथसाथै अतिरिक्त क्रियाकलाप भित्र भिज्न सक्नु उसको महान कर्तव्य हुन जान्छ । यदि विद्यार्थी आफ्नो कर्तव्यबाट वञ्चित भयो भने उसले भविष्यलाई खाल्डोतिर धकेलेको स्पष्ट हुन्छ । विद्यार्थीहरुलाई हरेक क्षेत्र र प्रत्येक विद्यामा सक्रियताका साथ लागि पर्ने प्रेरणा यस विद्याले दिन्छ । उत्साह, उमङ्गका साथसाथै म केही गर्न सक्छु भन्ने आत्मविश्वास उत्पन्न गराईदिने काम यसै क्रियाकलापले गर्दछ । हुन पनि हो, जुनसुकै विद्या तथा विषय किन नहोस्, यसले साधारण व्यक्तित्वको विकास मात्रै नभएर एउटा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रतिभा जन्माउने काम पनि गर्दछ । एउटा व्यक्ति प्रतिभाशाली हुनु भनेको राष्ट्र प्रतिभाशाली हुनु हो, राष्ट्र प्रतिभाशाली हुनु भनेको राष्ट्र प्रतिष्ठित वा सम्मानित हुनु हो ।

यस लेखमा अतिरिक्त क्रियाकलापलाई दुई भागमा बाँडिएको छ :

क) मानसिक र (ख) शारीरिक व्यायाम

क) मानसिकः यस विद्याले बुद्धिको विकास गर्ने काम गर्दछ, सोचाई परिवर्तन ल्याउने, फराकिलो विचारधारा भित्र्याउने, ज्ञान विज्ञानका बारेमा राम्रो जानकारी गराउने, सभ्यता र गरिमामयी संस्कृतिको पाठ सिकाउने र सिङ्गो मानव जीवनलाई नै नीतिवान बन्ने प्रेरणा प्रदान गर्दछ । बौद्धिक स्तरमा आधारित कलाकृति तथा कौशलताको विकास गर्ने काम यसै क्रियाकलापले गरिराखेको हुन्छ । आफू आफैमा स्वाबलम्बी बन्ने, जनचेतना र जागरणको विगुल फुक्ने काममा सहयोग यसै क्रियाकलापले पुऱ्याइ राखेको हुन्छ । सीमित किताबी ज्ञान बाहेक देश विदेशमा भएका यथार्थ घटनालाई दर्पणझै छर्लङ्ग्याउने काममा पनि अगाडी बढिराखेको हुन्छ ।

विद्यार्थीहरुलाई रचनात्मक क्रियाकलापका माध्यमबाट थप उर्जा थप्दै मानसिक तथा बौद्धिक अपूर्णताबाट क्रमिक रुपमा पूर्णतातिर लैजान यसको प्रमुख भूमिका रहन्छ भन्ने कुरामा दुई मत नहोला । अझ किताबी ज्ञानदेखि बाहिर रहेका कुराहरुको जानकारी गराउनमा यस विद्याले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

मानसिक तथा बौद्धिक विकासका लागि निम्न लिखित कुराहरुलाई अपनाउन सकिन्छ :

१. कथा, कविता, लेख, निबन्ध, प्रबन्ध, एकाङ्की, पूर्णाङ्की, उपन्यास, खण्डकाव्य, यात्रास्मरण तथा पूर्णाङ्की नाटक आदि रचना गर्ने, वाचन गर्ने, अभिनय गर्ने आदि ।

२. साङ्गीतिक कार्यक्रम,

३. वक्तृत्वकला, हाजिरीजवाफ, वादविवाद, बुद्धिचाल खेल आदि पर्दछन् ।

उक्त विविध विधामा आवद्ध भई क्रियाशील रहेको खण्डमा कुनै व्यक्तिले अथवा विद्यार्थीले लक्षित पाइला चाल्न सजिलै सक्छ र कुनै पनि कठिन कार्यको सामना गर्न नसकेर पलायनवादी बन्नु पर्दैन ।

**ख) शारीरिक व्यायाम** : शारीरिक व्यायाम मानव जीवनका लागि कल्याणकारी कार्य हो । यस व्यायामले शरीरका हरेक अङ्ग प्रत्याङ्गलाई तन्दुरुस्त तथा स्वास्थ्य राख्ने काम गर्दछ । यस भित्र विविध खेलहरु पर्दछन् । जसले गर्दा मानिसलाई विभिन्न कोणहरुबाट फाइदा पुऱ्याई राखेको हुन्छ । सीमित शारीरिक विकास मात्रै नभएर बौद्धिकतातिर उन्मुख गराउँदै एउटा व्यक्तिको नाममा सीमित नरही राष्ट्रको गौरवलाई बढाएको हुन्छ । एउटा योग्य खेलाडीले खेलप्रति चासो राखी सफलता प्राप्त गरी आफ्नो नाम इतिहासका पानामा कोर्नु भनेको राष्ट्रको नाम चम्काउँनु हो ।

खेल एउटा अनुशासको प्रतिक हो, खेल एउटा सभ्यताको पाठ सिकाउँने विशाल ग्रन्थ हो, जसमा कुनै पनि व्यक्ति पसिसकेपछि मानवता भेट्न सक्छ, सहयोग रुपी भावनाको बृद्धि हुँदै जान्छ । आफू पसिनामा डुबी अर्कालाई आनन्द दिनु उसको महान कर्तव्य र लक्ष्य बन्न पुग्दछ ।

## २.२ सैद्धान्तिक खाका

यस अध्ययनको शीर्षक अतिरिक्त कृयाकलापको प्रभावकारिता भएको हुनाले यसका लागि सिकाई सम्बन्धि सिद्धान्तहरुलाई आधार मानी अध्ययन गरिएको छ ।

B.F. Skinner (1904) का अनुसार सिक्ने र सिकाउने कार्यमा जोड दिएको हुनाले सिकाई सिद्धान्तसँग सम्बन्धित बनाइएको छ । यस सिद्धान्तको मूल विचार सिकाई वा व्यवहार परिवर्तन, उपयुक्त वातावरण, उद्यीपकप्रति सहजै पैदा हुने प्रतिकृया र पुनर्वलिय उद्यीपक बीचको कृयाकलाप सम्बन्धि प्रत्यावर्तन सिकाईलाई भनिन्छ । सिकाई परिवर्तन गराउनमा सहयोगी भुमिका खेल्ने वातावरणीय पक्षलाई पुनर्बल भनिन्छ । (खनाल, २०५७) पुनर्वलले सिकारुहरुलाई सिकाई प्रति तत्परता र रुचि पैदा गरी सिकाई प्रभावकारी र दिगो बनाउन सहयोग पुऱ्याउँछ । स्किनरले निरन्तर पुनर्वल तालिका अनुसार सही प्रतिक्रियाका मात्रा र सिकाई दक्षताको आधारमा बीचमा रोकिदै पुनर्वल उपलब्ध गराउन सकिने कुरा उल्लेख गरेका छन् । बालबालिकाको सिकाई प्रतिक्रियामा पुनर्वल तालिकाको प्रयोग गरी व्यवहार परिवर्तन गर्न सकिने छ । विद्यार्थीले सही प्रतिकृया देखाएपछि तुरुन्त पुनर्वल प्रदान गर्नाले सिकाई प्रभावकारी हुन्छ । यस सिद्धान्त अनुसार सिकाईमा दण्डको प्रयोगले व्यवहारलाई दबाएर राख्दछ र पुनः जागरण गराउन सक्दछ, तर पुरस्कारले सधैं सकारात्मक व्यवहार अनुसार पुनर्वलको माध्यमबाट शब्द ज्ञान गराउन सकिन्छ । यस अनुसार पुनर्वल र वातावरणीय अनुकुलतालाई शाब्दिक सिकाईको मूल स्रोतका रुपमा लिनु हो । सबै सिकाईको तत्परता अनुरुपमा सिकाई विषय वस्तुको निर्धारण गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ । (खनाल, २०५९)

यस अध्ययनलाई क्रियापरक सम्बन्ध सिकाई सिद्धान्त अनुरुप अघि बढाइएको छ । अतिरिक्त क्रियाकलापले बालबालिकाहरुमा अस्वभाविक उत्तेजना पैदा भई अस्वभाविक प्रतिक्रिया देखाउँदछ । जसको परिणाम स्वरुप स्वभाविक उत्तेजना पैदा हुन गई स्वभाविक प्रतिक्रिया देखाउन थाल्दछ । अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यालयमा सञ्चालन हुने विभिन्न क्रियाकलापमा बालबालिकाहरु सहभागी हुने क्रममा खेल प्रतिको रुचि र सफल हुने चाहना साथीभाई बीच हुने प्रतिस्पर्धा आदिका कारण खेलमा बालबालिकाहरुमा अस्वभाविक उत्तेजना पैदा हुन्छ । जसका कारण बालबालिका जानी नजानी खेल खेल्न उत्साहित भएर लाग्दछन् । असफलता, प्रयास, प्रतिस्पर्धा, आसदका कारण केही समय पछि ऊ त्यस खेलमा सफल हुन्छन् । यही अनुभवबाट ऊ प्रतिस्पर्धामा अगाडि बढ्दै जान्छ र उत्कृष्ट हुन्छ ।

म्याक्स वेभरका अनुसार मानसिक क्रियाद्वारा उसले सिकाइको परिस्थितिमा नयाँ सम्बन्धको खोजी गर्दछ । यसद्वारा उसले नयाँ सम्बन्ध प्राप्त गर्दछ । जसलाई अन्तर प्रेरणा उत्पन्न हुनु भनिन्छ । अन्तर प्रेरणा उत्पन्न भएपछि मात्र सिकाइ हुन्छ । अन्तर प्रेरणा उत्पन्न हुनका लागि प्राणीलाई

सिकाइको परिस्थितिको पूर्ण प्रत्यक्षीकरण हुनु पर्दछ । प्रत्यक्षीकरण भन्नुको तात्पर्य कुनै वस्तुलाई ज्ञानात्मक रुपमा पूर्ण तवरले अनुभव गर्न सक्नु हो । जस्तैः स्याउ भन्ने बित्तिकै यसको रंग, स्वाद, आकार आदि सम्पूर्ण धारणाहरु संगठित रुपमा अनुभव हुन्छ । अन्तर प्रेरणा सिकाइ सिद्धान्त अनुसार सिकाइको समस्या प्रत्यक्षीकरणको समस्या हो । प्राणीमा सिकाइ अपूर्ण प्रत्यक्षीकरणबाट पूर्ण प्रत्यक्षीकरण तर्फ अग्रसर हुन्छ । कोलहरले १९१३ देखि १९१७ सम्म एप जातिको बाँदरमाथि गरिएको प्रयोगबाट यस सिद्धान्तलाई पुष्टि गरेका थिए । खोरभित्र बाँदरलाई थुनी छतमा केरा झुण्ड्याइएको थियो । खोरमा बाकसहरु राखिएको थियो । बाकसमाथि चढेर केरा भेटाउन सकिने थियो तर एपले बाकस र केराको सम्बन्ध पत्ता लगाउन नसकेको कारण केरा खान सकिरहेको थिएन । त्यसपछि विभिन्न विचारपूर्ण प्रयासपछि उसले बासकलाई केरा झुन्डाइएको ठाउँको तल लगेर त्यसमाथि चढी केरा भेट्टाउन सफलता प्राप्त गर्‍यो । दोस्रो प्रयोगमा खोरभित्र दुई वटा बाकस राखियो । ती दुई बाकस एक अर्कामाथि राखेर मात्र केरा भेट्टाउन सकिन्थ्यो । यो एक गाह्रो समस्या थियो । एपले सजिलैसँग समाधान गर्न सकेन । तर उसलाई बासकमाथि बाकस राख्ने तरिकाबारे बाहिरबाट प्रदर्शन गरेर निर्देशन दियो । तब उसले यो काम सजिलैसँग गर्न सक्यो । यसै प्रकार अर्को प्रयोगमा केरा भेट्टाउन बाकसको सट्टा लठ्ठी प्रयोग गर्नु पर्थ्यो । यो काम गर्न पनि बाहिरबाट संकेत दिनु पर्‍यो ।

यस अध्ययनलाई अन्तर प्रेरणाबाट सिकाइ/सूझको सिकाइ सिद्धान्त अन्तर्गत अघि बढाइएको छ । विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुने क्रममा शुरुमा उनीहरु खेल खेल्ने तरिका, खेलको नियम र खेल जित्न अपनाउनु पर्ने रणनीति प्रति अनभिज्ञ हुन्छन् । कतिपय कुराहरु खेल खेल्दै जाँदा उनीहरु आफै सिक्दछन् भने कतिपय कुराहरु सिक्न उसलाई खेलकूद शिक्षक अथवा प्रशिक्षकको सहयोगको आवश्यकता पर्दछ ।

## २.३ अध्ययनको उपादेयता

विद्यालयहरुमा विभिन्न किसिमका अतिरिक्त कृयाकलापहरु सञ्चालन हुँदै आएतापनि यसलाई मनोरञ्जन र प्रतियोगिताको रुपमा हेर्ने गरेको पाइन्छ । तर यसले विद्यार्थीहरुको पठनपाठन र विकासमा पनि प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पारेको हुन्छ । यसरी विद्यालयमा हुने अतिरिक्त कृयाकलापहरुको सम्बन्धमा यस अघि पनि विभिन्न अध्ययनकर्ताहरुले अध्ययन, अनुसन्धान गर्दै आएको छ । ती अध्ययनहरुले विद्यार्थीहरुमा हुने शारीरिक र मानसिक वृद्धि र विकासलाई बढी जोड दिने गरेको छ । केहीले भने के-कस्ता कृयाकलापहरु विद्यालयमा हुने गरेका छन् ? कुन कृयाकलापले विद्यार्थीमा कस्तो किसिमको शारीरिक वा मानसिक प्रभाव पार्दछ ? भन्ने किसिमको अध्ययन पनि गरेको पाइन्छ । अतिरिक्त कृयाकलापलाई एक प्रतियोगिताको रुपमा लिई यसलाई विद्यालयको कार्यक्रमको रुपमा राख्ने गरेको पाइन्छ ।

यस अध्ययनमा भने अतिरिक्त कृयाकलापलाई छुट्टै अध्ययन मात्र नगरेर यसले विद्यार्थीहरुको पठनपाठनमा पार्ने प्रभावलाई तुलनात्मक रुपमा अध्ययन गरिने छ । यो अध्ययनमा अतिरिक्त कृयाकलापमा रुची राख्ने र नराख्ने विद्यार्थीहरुले परीक्षामा प्राप्त गरेको परिणामलाई तुलनात्मक रुपमा अध्ययन गरिने छ । अतिरिक्त कृयाकलाप प्रति रुची राख्ने नराख्ने विद्यार्थीहरुले प्राप्त गरेको अंकमा के कस्तो फरक देखिन्छ ? भन्ने कुरालाई अध्ययनले प्रमुख उद्देश्य बनाएको छ । त्यसैले यस अध्ययनले अतिरिक्त कृयाकलापको प्रभावकारितालाई पुष्टि गर्ने काम गर्दछ ।

## परिच्छेद- तीन
## अध्ययनका ढाँचा तथा विधि

कुनै पनि अध्ययन अनुसन्धान एक महत्वपूर्ण तथा जटिल कार्य हो । यस्तो अध्ययन कार्यलाई अगाडि बढाउन निश्चित प्रक्रियाहरु र चरणहरु पूरा गर्नुपर्ने हुन्छ । अध्ययन भन्नाले कुनै पनि विषयमा गहिरिएर खोजी गर्नु भन्ने बुझिन्छ । कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धानलाई मूर्त रुप दिन प्रयोग गरिने तवर तरिका चरणहरुलाई नै अध्ययन विधि भनिन्छ । यस अध्ययनमा पनि निम्न अनुसारको अध्ययन विधि र ढाँचा प्रयोग गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारीताको समीक्षा गर्ने प्रयत्न गरिनेछ । जसमा पाठ्क्रम तथा पाठ्यपुस्तकको विश्लेषण गर्न वर्णनात्मक ढाँचालाई अपनाइने छ । कुन-कुन उद्देश्य प्राप्तिलाई के-कस्ता साधन स्रोतहरुको आवश्यकता पर्दछ । कुन-कुन साधनहरुलाई कुन-कुन स्रोतहरु मार्फत प्राप्त गर्न सकिन्छ भनेर निम्न अनुसार ढाँचामा अनुसन्धानलाई अघि बढाइएको छ ।

**तालिका नं. १**

| क्र. सं. | उद्देश्यहरु | साधनहरु | प्रतिक्रियादाताहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | शिक्षक | विद्यार्थी | अभिभावक | स्रोत व्यक्ति |
| १ | (क) विद्यालय तहमा अतिरिक्त क्रियाकलापको अवस्था पत्ता लगाउन । | अन्तर्वार्ता | | ✓ | | |
| | | अवलोकन | | ✓ | | |
| | | प्रश्नावली | ✓ | | | ✓ |
| | | छलफल | | | ✓ | |
| २ | (ख) अतिरिक्त क्रियाकलापले विद्यार्थीको सिकाइमा पारेको प्रभाव विश्लेषण गर्न । | अन्तर्वार्ता | | ✓ | | |
| | | अवलोकन | | ✓ | | |
| | | प्रश्नावली | ✓ | | | ✓ |
| | | छलफल | | | ✓ | |
| ३ | (ग) अतिरिक्त क्रियाकलापमा विद्यार्थीको रुची पत्ता लगाउन । | अन्तर्वार्ता | | ✓ | | |
| | | अवलोकन | | ✓ | | |
| | | प्रश्नावली | ✓ | | | ✓ |
| | | छलफल | | | ✓ | |

## ३.२ जनसङ्ख्या

यस अध्ययनलाई अघि बढाउने क्रममा निम्न अनुसार विद्यालय, विद्यार्थी, शिक्षक, अभिभावक र स्रोत व्यक्तिहरुलाई लिएको छ । जनसङ्ख्या भन्नाले अनुसन्धानकर्ताको आवश्यकता अनुसार एकै किसिमको विशेषता मिल्ने व्यक्तिहरुको समूहलाई जनाउँछ । यस अध्ययनमा पनि विद्यालयमा सम्पन्न हुने अतिरिक्त कृयाकलापसँग सम्बन्धित, जानकार र सरोकारवालालाई जनसङ्ख्याको रुपमा लिइएको छ ।

## ३.३ नमूना छनौट

यस अध्ययनलाई अगाडि बढाउन सम्पूर्ण पक्ष र सबै चरहरुको अध्ययन गर्दा बढी समय लाग्ने र खर्चिलो हुने भएकोले केही चरहरुलाई मात्र छनौट गरेर अध्ययन गर्दा कम समय र कम खर्चमा अध्ययन सम्पन्न हुने भएकोले निम्न अनुसारको नमूना छनौट गरिएको छ ।

### ३.३.१ जिल्लाको छनौट

यस अध्ययनमा सीमित स्रोत साधन समयलाई दृष्टिगत गरी विद्यालय सञ्चालन भइरहेको नेपालका ७५ जिल्लामध्ये पूर्वाञ्चल विकासक्षेत्र कोशी अञ्चलको सुनसरी जिल्लालाई सुविधाजनक छनौट विधि प्रयोग गरी अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ ।

### ३.३.२ स्रोत केन्द्रको छनौट

स्रोत केन्द्रको छनौट गर्दा सुनसरी जिल्लाका १२ वटा स्रोत केन्द्रहरुमध्ये धरान स्रोत केन्द्रलाई सुविधाजनक छनौट विधि अनुसार छनौट गरिएको छ ।

### ३.३.३. विद्यालयको छनौट

रेन्डम सेम्पिलिङ्ग विधिको प्रयोग गरी धरान स्रोत केन्द्र अन्तर्गतका निम्नलिखित पाँच वटा सामुदायिक माध्यमिक विद्यालय तथा उच्च माध्यमिक विद्यालय सुविधाजनक छनौट विधि प्रयोग गरी छनौट गरिएको छ ।

### ३.३.४ प्रधानाध्यापक/प्राचार्य तथा शिक्षकको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयका प्राचार्य/प्रधानाध्यापक तथा प्रत्येक विद्यालयका १/१ जना शिक्षक (सम्भव भए खेल शिक्षक/अतिरिक्त क्रियाकलाप संयोजक) हरुलाई समगणना विधिको प्रयोग गरी छनौट गरिएको छ ।

### ३.३.५ अभिभावकको छनौट

अध्ययनको विषयसँग सम्बन्धित छनौटमा परेका ५ वटै विद्यालयका अभिभावकहरुमा समावेशी तथा लैङ्गिक आधारमा २, २ जना गरी जम्मा १० जना अभिभावकहरुलाई रेन्डम सेम्पलिङ विधिको प्रयोग गरी छनौट गरिएको छ ।

### ३.३.६ विद्यार्थीको छनौट

अध्ययनको विषयसँग सम्बन्धित छनौटमा परेका ५ वटै विद्यालयका विद्यार्थीहरुलाई समावेशी तथा लैङ्गिक आधारमा पर्ने गरी रेन्डम सेम्पलिङ विधिको प्रयोग गरी जम्मा २०० जना विद्यार्थी छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

**३.४.१ प्राथमिक स्रोतहरुः** यो अध्ययन पूर्ण रुपमा गुणात्मक भएकोले छनौट गरिएको अध्ययन क्षेत्रमा अध्ययनकर्ता स्वयं गई नमूना जनसङ्ख्याबाट आवश्यक सूचना संकलन गरिने छ । सूचना संकलनको क्रममा प्राचार्य/प्र.अ. तथा शिक्षकसँग असंरचित अन्तर्वार्ता, विद्यार्थी तथा अभिभावकहरुसँग खुल्ला प्रश्नावली साथै समूह बनाई समूहगत छलफल गरिने छ । प्राचार्य/प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावक सबै पक्षबाट प्राप्त सूचनालाई तुलनात्मक रुपमा केलाएर आवश्यक सूचनाहरु मात्र यो अध्ययनमा राखिने छ । विभिन्न व्यक्ति तथा विभिन्न साधनहरुबाट फरक फरक सूचना प्राप्त भएतापनि तिनीहरुबाट उपयुक्त सूचना छनौट गरी यस अध्ययनमा समावेश गरिएको छ ।

**३.४.२ द्वितीय स्रोतहरुः** यस अध्ययनलाई प्रभावकारी बनाउन अध्ययनको शीर्षकसँग सम्बन्धित विभिन्न अतिरिक्त क्रियाकलाप तथा खेलकुदसँग सम्बन्धित पत्रपत्रिका, स्मारिका, विद्यालय सुधार योजना, मुख-पत्र, सम्बन्धित अध्ययन अनुसन्धानका प्रतिवेदन शोध पत्रहरु, लेखहरु आदिको अध्ययन गरी आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

## ३.५ साधनहरुको निर्माण

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्ने क्रममा निम्न अनुसार साधनहरुको प्रयोग गरिएको छ ।

**३.५.१ अन्तर्वार्ताः** छनौटमा परेका विद्यालयहरुको प्राचार्य/प्र.अ. तथा शिक्षकहरुलाई अन्तर्वार्ता मार्फत प्रश्नहरु सोधी आवश्यक सूचना प्राप्त गरिएको छ । यसमा प्रयोग गरिने अन्तर्वार्ता विधिलाई

संरचित र असंरचित गरी दुई प्रकारका अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । (अनुसूची-१ र २ को प्रयोग गरिएको छ)

**३.५.२ प्रश्नावली:** छनौटमा परेका विद्यार्थी तथा अभिभावकहरुलाई प्रश्नावली मार्फत प्रश्नहरु सोधी आवश्यक सूचनाहरु प्राप्त गरिएको छ । यस अध्ययनमा खुल्ला प्रश्नावली र बन्द प्रश्नावली गरी दुई प्रकारका प्रश्नावली विधिलाई अघि बढाइएको छ । (अनुसूची ३ र ४ को प्रयोग गरिएको छ)

**३.५.३ लक्षित समूह छलफल निर्देशिका:** विद्यार्थी, शिक्षक तथा अतिरिक्त क्रियाकलापमा संलग्न शिक्षकसँग अतिरिक्त क्रियाकलाप अन्तर्गत विगतका अतिरिक्त क्रियाकलाप र वर्तमानका क्रियाकलापलाई अध्ययन र अवलोकन गरि तुलनात्मक अध्ययनका लागि FGD सञ्चालन गरिएको छ । (अनुसूची ६ को प्रयोग गरिएको छ ।)

**३.५.४ अवलोकन फारम** : छनौट गरिएका विद्यार्थीहरुको अतिरिक्त क्रियाकलापको अवलोकन गरिएको छ । अवलोकन गर्दा सहभागितामूलक अनियन्त्रित अवलोकन (Prticipatory Uncontrolled Observation) गरिएको छ । (अनुसूची ५ को प्रयोग गरिएको छ ।)

## ३.६ साधनहरुको वैधता

अध्ययनलाई परिणाममुखी बनाउन प्राप्त गर्ने तथ्याङ्क तथा सूचनाहरु आधिकारिक र वैध हुन जरुरी छ । प्राप्त भएका तथ्याङ्कहरु सही नभएमा त्यसबाट प्राप्त हुने निष्कर्षको विश्वसनियता पनि नरहन सक्छ । तथ्याङ्क कस्तो आउने भन्ने कुरा तथ्याङ्क संकलनमा प्रयोग गरेका स्रोत र साधनहरुमा भर पर्दछ । त्यसैले यस अध्ययनलाई उद्देश्यमुलक बनाउन अध्ययनको विषयवस्तुसँग प्रत्यक्ष सरोकार राख्ने साधन र स्रोतहरुलाई अघि सारिएको छ । उक्त साधनलाई सर्वप्रथम आफूले निर्माण गरी सहपाठी साथीहरुबीच छलफल गराइएको छ। उक्त छलफलबाट प्राप्त प्रतिक्रिया अनुसार आवश्यक परिमार्जन गरी शोध निर्देशक समक्ष प्रस्तुत गरिएको छ । शोध निर्देशकको राय, सुझाव र सल्लाह अनुसार साधनहरुलाई अन्तिम रुप दिई सूचना संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्क संकलन प्रकृया

निश्चित जनसङ्ख्या र अध्ययन क्षेत्रको छनौट गर्न वैज्ञानिक विधिको आवश्यकता पर्दछ । यस अध्ययनमा विद्यालय छनौटका लागि उद्देश्यमूलक विधिको प्रयोग गरिएको छ । यसै गरी प्राचार्य/प्रधानाध्यापक तथा शिक्षकहरु (अतिरिक्त क्रियाकलाप संयोजक) को लागि उद्देश्यात्मक नमूना छनौट विधि र विद्यार्थीहरुका लागि सम्भावनामा आधारित विधिलाई प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्ने क्रममा प्राथमिक र द्वितीय दुवै किसिमको तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.७.१ तथ्याङ्क संकलनका तरिकाहरु

तथ्याङ्क संकलन गर्दा वास्तविकता र सत्यतालाई आत्मसात गर्न र सत्यको नजिक पुग्न यी विधिहरु अति आवश्यक हुन्छन् । यिनको अभावमा लक्ष्य हासिल गर्न सकिदैन । तसर्थ यो अध्ययनमा निम्न विधिहरु प्रयोगमा ल्याइएको छ ।

#### ३.७.१.१अन्तर्वार्ता

छनौट गरिएको विद्यालयका शिक्षकहरुको विविध पक्षलाई प्रष्ट्याउन परिणात्मक तथ्याङ्क संकलन गर्नको लागि अन्तर्वार्ता विधि अपनाइएको छ । त्यहाँका विद्यार्थीहरुलाई छोटो अन्तर्वार्ता लिन एउटा संरचित प्रश्नावलीको प्रयोग गरिएको छ जसको नमुना यस अनुसन्धानको अनुसूचीमा दिइएको छ ।

#### ३.७.१.२ प्रश्नावली

छनौट गरिएको विद्यालयका शिक्षकहरुको विविध पक्षलाई प्रष्ट्याउन परिणात्मक तथ्याङ्क संकलन गर्नको लागि प्रश्नावली विधि अपनाइएको छ । त्यहाँका शिक्षकहरु तथा स्रोत केन्द्रका स्रोत व्यक्तिलाई छोटो अन्तर्वार्ता लिन एउटा संरचित प्रश्नावलीको प्रयोग गरिएको छ जसको नमुना यस अनुसन्धानको अनुसूचीमा दिइएको छ ।

#### ३.७.१.३ अवलोकन

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विविध पक्षलाई प्रष्ट्याउन र गुणात्मक तथ्याङ्क संकलन गर्नको लागि अवलोकन फाराम तयार गरी अवलोकनबाट प्राप्त तथ्याङ्कहरुलाई संकलन गरिएको छ । त्यहाँका विद्यार्थीहरुको विविध पक्षको अवलोकन गर्न अनुसूचीमा दिइएको फारामको प्रयोग गरिएको थियो ।

#### ३.७.१.४ समूह छलफल

विद्यालयमा अध्ययनरत अनुसन्धानका लागि छनौट गरिएका विद्यार्थीहरुका अभिभावकहरुसँग अतिरिक्त क्रियाकलापसम्बन्धी विविध पक्षहरुको गुणात्मक तथ्याङ्क संकलनका लागि अभिभावकहरुसँग समूहगत छलफल सम्पन्न गरिएको थियो । उक्त कार्यका लागि अनुसन्धान अनुसूचीमा दिइए बमोजिमको नमुना फाराम प्रयोग भएको थियो।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस अध्ययन पूर्ण रुपमा गुणात्मक भएकोले सूचनाहरु (तथ्याङ्क) लाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । प्राथमिक रुपमा संकलन गरिएका सूचनाहरुलाई गुणात्मक रुपमै व्याख्या एवं

विश्लेषण गरिएको छ । यसका साथै अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सम्बन्धि संकलित सूचनालाई पनि विस्तृत रुपमा व्याख्या गरिएको छ।

# परिच्छेद-चार
# तथ्याङ्कको विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता दिनको लागि त्यसको विस्तृत रुपमा व्याख्या एवं विश्लेषण गरिनु पर्ने हुन्छ । व्याख्या विश्लेषणबाट कुनै पनि अध्ययनले देखाउन खोजेको विषयवस्तु प्रष्ट पार्न सकिन्छ । यस अध्ययनको क्रममा प्रयोग गरिएका विभिन्न साधन स्रोतबाट संकलित सूचना एवं तथ्याङ्कलाई विश्लेषण गरी विस्तृत रुपमा व्याख्या गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता सम्बन्धी प्र.अ., शिक्षक तथा विद्यार्थीहरु धारणा, विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी विभिन्न सूचनाहरुको अवस्था प्रस्तुत गरिएको छ । साथै विद्यालयमा गरिने विभिन्न अतिरिक्त क्रियाकलापहरुको अवलोकन गरी विश्लेषण गरिएको छ । जसको सहायताबाट माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता अध्ययन गरिएको छ ।

यस अध्ययन सामुदायिक विद्यालयमा मा.वि. तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता र विद्यार्थी सहभागिताको अवस्थामा केन्द्रित रहेको थियो । जसको लागि सुनसरी जिल्ला, धरान नगरपालिका क्षेत्रभित्रका सामुदायिक माध्यमिक विद्यालयहरु मध्येबाट ५ वटा विद्यालयका प्र.अ., शिक्षक तथा विद्यार्थीहरुसँग क्रमशः अन्तर्वार्ता, प्रश्नावली तथा समूह छलफल गरी तथ्याङ्क एवं सूचना संकलन गरी व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालय तहमा अतिरिक्त कृयाकलापको अवस्था

सामुदायिक विद्यालयमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता र विद्यार्थी सहभागिताको अवस्था पत्ता लगाउन गरिएको यस अध्ययनका लागि छनौट गरिएका धरान नगरपालिका अन्तर्गतका ५ वटा माध्यमिक विद्यालयका ५ जना प्र.अ., ५ जना शिक्षक, र ५ वटै विद्यालयका माध्यमिक तहका विद्यार्थी मध्येबाट प्रत्येक विद्यालयका २०/२० जना छात्रछात्राको समूह बनाइएको थियो । सूचना संकलनका क्रममा प्र.अ.हरुसँग अन्तर्वार्ता, शिक्षकहरुलाई प्रश्नावली भर्न दिइएको र विद्यार्थीहरुसँग समूह छलफल गरिएको थियो । प्रत्येक विद्यालयमा एक एक वटा अतिरिक्त क्रियाकलाप अवलोकन समेत गरिएको थियो । यसरी विद्यालयमा सञ्चालन गरिने विभिन्न क्रियाकलापहरुबारे प्र.अ., शिक्षक र विद्यार्थीहरुको प्रतिक्रिया विश्लेषण यसरी प्रस्तुत गरिएको छ ।

### ४.१.१ अतिरिक्त क्रियाकलापको सञ्चालन

विद्यालयमा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुमध्ये हाजिरीजवाफ प्रतियोगिता ५ वटै विद्यालयमा सञ्चालन गर्ने गरेको प्रतिक्रिया प्र.अ., शिक्षक र विद्यार्थीबाट पाइयो । यसैगरी वक्तृत्वकला, वादविवाद, हिज्जे प्रतियोगिता सम्बन्धी प्र.अ. र शिक्षकको प्रतिक्रिया बुझ्दा ३ वटा विद्यालयमा सञ्चालनमा रहेको पाइयो भने यसै क्रियाकलापमा विद्यार्थीको प्रतिक्रिया बुझ्दा १०० जनामध्ये ३५ जनाले सहमति जनाएका थिए । चित्रकला, हस्तकला भने ३ वटा विद्यालयले सञ्चालन गर्ने गरेको र २ वटा विद्यालयमा सञ्चालन नगर्ने गरेको पाइयो । लघु शैक्षिक भ्रमण भने २ वटा विद्यालयले मात्र गराउने गरेको प्रतिक्रिया पाइयो । तर समय मिलाएर सामान्य पिकनिक भने ५ वटै विद्यालयले लाने गरेको प्रतिक्रिया पाइयो । विद्यालयमा गरिने कक्षाकोठा सरसफाइ तथा खेलमैदान सरसफाइ भने ५ वटै विद्यालयमा सञ्चालन गरिने गरेको पाइयो । अतिरिक्त क्रियाकलापहरुमध्ये सबैभन्दा बढी सञ्चालन गरिने क्रियाकलापमध्ये खेलकुदहरुमध्ये ४ वटामा भलिबल, ५ वटामा फुटबल र सबैभन्दा कम बास्केटबल सञ्चालन गर्ने विद्यालय १ वटा मात्र रहेको पाइयो । त्यसैगरी ३ वटा विद्यालयले व्याण्डमिन्टन पनि सञ्चालन गरेको पाइयो । पिटि र राष्ट्रिय गान पनि ५ वटै विद्यालयमा सञ्चालनमा रहेको पाइयो ।

यसरी उपरोक्त विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरुको सम्बन्धमा प्र.अ., शिक्षक तथा विद्यार्थीहरुका विविध धारणाहरु रहेको पाइए पनि स्थलगत अध्ययनको क्रममा नियालेर हेर्दा १ वटा विद्यालयमा बास्केटबलको कोर्ट भएको, १ वटामा उचित फुटबल मैदान भएको, ३ वटामा भलिबलको मैदान र सामग्री भएको पाइयो भने ४ वटा विद्यालयमा हाजिरीजवाफ, १ वटामा भलिबल, १ वटामा सरसफाइ कार्यक्रम भईरहेको पाइएको थियो ।

### ४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालनको समय तालिका

अतिरिक्त क्रियाकलाप सञ्चालनको समय तालिका विभिन्न विद्यालयमा फरक फरक किसिमको पाइयो र यस सम्बन्धी प्र.अ., शिक्षक तथा विद्यार्थीको फरक फरक धारणा पाइयो । जसअनुसार ५ वटा विद्यालय मध्ये ३ वटा विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता २-३ महिनामा एक चोटी गराउने गरी तालिका बनाएको पाइयो भने २ वटा विद्यालयले वर्षमा एकचोटी मात्र सञ्चालन गर्ने गरेको पाइयो । त्यसैगरी वक्तृत्वकला, वादविवाद, हिज्जे जस्ता क्रियाकलापहरुमध्ये कुनै क्रियाकलाप कक्षागत रुपमा शुक्रबारको दिन ३ वटा विद्यालयले सञ्चालन गर्ने गरेको प्रतिक्रिया पाइयो । साँस्कृतिक कार्यक्रम भने २ वटा विद्यालयले कक्षागत रुपमा महिनामा १ चोटी गर्ने गरेको पाइयो भने ५ वटै विद्यालयले वार्षिक उत्सवमा भने साँस्कृतिक कार्यक्रम सञ्चालनमा ल्याउने गरेको बताएका थिए ।

त्यसैगरी हस्तकला चित्रकला प्रतियोगिता भने ३ वटा विद्यालयले मासिक रुपमा सञ्चालन गर्ने, १ वटाले वार्षिक रुपमा र १ वटाले सञ्चालन नै नगर्ने गरेको पाइयो । विद्यालयको वार्षिक उत्सव ५ वटै विद्यालयले सञ्चालन गर्ने योजना बनाएको प्रतिक्रिया पाइयो । त्यसैगरी लघु शैक्षिक भ्रमण भने ५ वटा विद्यालयले वर्षमा एकचोटी गर्ने गरेको र ३ वटाले भने आर्थिक अभावका कारण भ्रमणमा लैजाने नगरेको पाइयो । यसैगरी कक्षाकोठा सरसफाइ भने प्रत्येक विद्यालयले रोल नं. अनुसार समूह विभाजन गरी हप्तामा १ दिन सरसफाइ गर्ने गरेको र १५ दिनमा १ चोटी विद्यालय मैदान सरसफाई गर्ने तालिका बनाइएको प्रतिक्रिया पाइयो जसका लागि शुक्रबारका दिन पिटी खेलाइ सकेपछि सामान्य सरसफाइ गरी सकेपछि कक्षा प्रवेश गराउने गरेको बताए ।

खेलकुद खेलाइने विद्यालयमा दैनिक रुपमा मध्यान्तरको समयमा अभ्यास गराउने गरेको पाइयो । यसैगरी फुटबल खेल २ वटा विद्यालयमा महिनामा १-२ चोटी खेलाउने गरेतापनि वार्षिक उत्सवमा भने ३ वटा विद्यालयले फुटबल खेल खेलाउने गरेको बताए । त्यस्तै भलिबल भने २ वटा विद्यालयमा दिनदिनै मध्यान्तरको समयमा खेल्ने गरेको पाइयो भने अन्य ३ वटामा भलिबल नखेलाउने गरेको पाइयो । त्यस्तै व्याडमिन्टन खेल २ वटा विद्यालयले महिनामा कक्षागत रुपमा खेलाउने गरेतापनि वार्षिक रुपमा अन्य ३ वटा विद्यालयले पनि खेलाउने गरेको बताए । राउण्ड चियर खेल अनौपचारिक रुपमा महिनामा १/२ दिन खेलाउने गरेको ५ वटै विद्यालयमा पाइयो । राष्ट्रिय गान तथा पिटी भने ५ वटै विद्यालयमा दैनिक रुपमा गर्ने गरेको पाइयो । कक्षागत रुपमा विभिन्न अतिरिक्त क्रियाकलापहरु साप्ताहिक रुपमा ३ वटा विद्यालयले सञ्चालन गर्ने गरेको बताए भने २ वटाले भने महिनामा एकचोटी सञ्चालन गर्ने गरेको बताए ।

उपरोक्त रुपमा प्राप्त प्रतिक्रिया र स्थलगत अध्ययनको वास्तविकतालाई नियाल्दा ५ वटै विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालनको अवस्था मध्यम रहेको पाइयो । मौखिक रुपमा अतिरिक्त क्रियाकलापको कार्यान्वयनको तालिका तयार गरिएको छ भनिएतापनि लिखित रुपमा तयार गरेको एउटै पनि लिखित रुपमा २ विद्यालयले मात्र तयार गरेको पाइयो । तर पनि अध्ययनको क्रममा ५ वटै विद्यालयमा एक एक वटा कार्यक्रम अवलोकन गरिएकोमा भने केही हदसम्म भए पनि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको पाइयो । तर विद्यालय सरसफाइ भने ५ वटै विद्यालयमा प्रभावकारी पाइयो ।

### ४.१.३ अतिरिक्त क्रियाकलाप सामग्रीहरुको अवस्थाबारे प्र.अ., शिक्षक र विद्यार्थीको प्रतिक्रिया

कुनै पनि कार्यक्रम सञ्चालन गर्नका लागि उचित साधन स्रोतको आवश्यकता पर्दछ। यहाँ अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक पर्ने साधनका बारेमा ५ वटा विद्यालयका प्र.अ., ५ जना शिक्षक र २०/२० जना छात्रा/छात्र गरी २०० जना विद्यार्थीसँग क्रमशः अन्तर्वार्ता, प्रश्नावली र समूह छलफल गरिएको थियो । त्यसबाट विभिन्न विद्यालयको विभिन्न प्रतिक्रिया पाइयो ।

छनौटमा परेका ५ वटा विद्यालय मध्ये ४ वटा विद्यालयमा भलिबलका सामग्री रहेको, ४ वटामा फुटबलको पर्याप्त सामग्री रहेको र ५ वटामा अलिअलि मात्र रहेको पाइयो। त्यस्तै १ वटा विद्यालयमा बास्केटबलको व्यवस्था गरिएको पाइयो भने ४ वटामा बास्केटबल सम्बन्धी कुनै व्यवस्था नरहेको पाइयो । त्यसैगरी ३ वटा विद्यालयमा ब्याडमिन्टनको व्यवस्था रहेको पाइयो भने १ वटामा अलि अलि रहेको पाइयो भने १ वटामा पटक्कै नभएको पाइयो । खेल मैदान सम्बन्धी प्र.अ. को प्रतिक्रिया बुझ्दा १ वटामा उचित खेल मैदान भएको र ४ वटामा त्यति राम्रो मैदान नभएको पाइयो भने यसै विषयमा शिक्षक र विद्यार्थीको धारणा फरक-फरक थियो जस अनुसार २ वटा विद्यालयमा मात्र उचित मैदान भएको र ३ वटामा त्यति राम्रो मैदान नभएको प्रतिक्रिया पाइयो । त्यसैगरी वाद्यवाधन तथा सांस्कृतिक कार्यक्रमका सामग्री भने २ वटा विद्यालयमा राम्रो व्यवस्था भएको र ३ वटामा भने त्यति प्रभावकारी नरहेको पाइयो । त्यस्तै अतिरिक्त क्रियाकलाप संचालन सम्बन्धी कार्यक्रम हलको बारेमा बुझ्दा २ वटा विद्यालयमा हलको व्यवस्था भएको र ३ वटामा हल नभए पनि ठूला आकारका कक्षाकोठामा कार्यक्रम संचालन गर्ने गरेको पाइयो ।

अतिरिक्त क्रियाकलापका साधन सम्बन्धी जे जस्तो प्रतिक्रिया पाइए पनि स्थलगत अध्ययनको क्रममा सम्बन्धित क्षेत्रमा १ वटा विद्यालयमा राम्रो खेल मैदान भएको, १ वटामा बास्केटबलको व्यवस्था भएको, ३ वटामा भलिबलको मैदान भएको र सामग्री भएको पाइयो र त्यसैगरी वाद्यवाधनका सामग्री पनि २ वटा विद्यालयमा ठिक-ठिकै अवस्थामा भए पनि २ वटामा अत्यन्तै न्यून र १ वटामा सामान्य व्यवस्था गरिएको पाइयो । १ वटा विद्यालयमा उचित हलको पनि व्यवस्था गरिएको पाइयो ।

### ४.१.४ अतिरिक्त क्रियाकलाप संचालनको व्यवस्था सम्बन्धी प्र.अ. र विद्यार्थीको प्रतिक्रिया

कुनै पनि कार्यक्रम सम्पन्न गर्नका लागि त्यस कार्यमा दक्षता प्राप्त व्यक्तिले मात्र उचित ढंगबाट कार्य सम्पन्न गर्न सक्छ । यहाँ अतिरिक्त क्रियाकलाप संचालन गर्नका लागि छुट्टै शिक्षकको व्यवस्था गरिनु पर्ने हुन्छ । यस अध्ययनका क्रममा लिइएका ५ वटा विद्यालयहरुमध्ये २ वटा विद्यालयमा विशेष शिक्षक अर्थात् खेल शिक्षक रहेको प्रतिक्रिया प्र.अ. तथा विद्यार्थी दुवैबाट पाइयो । विद्यालयमा गरिने विभिन्न क्रियाकलाप खास गरी खेलकुद क्रियाकलाप तथा हाजिरीजवाफ र सांस्कृतिक कार्यक्रम संचालनका लागि विशेष खेल शिक्षकले संचालन गर्ने गरेको पाइयो । तर कक्षाकोठामा कक्षागत रुपमा गरिने अतिरिक्त क्रियाकलापहरु भने विषय शिक्षकहरुले आफै संचालन गर्ने गरेको प्रतिक्रिया प्र.अ. बाट पाइयो ।

अध्ययनका क्रममा ५ वटा विद्यालय मध्ये २ वटामा मात्र खेल शिक्षक अलगै नियुक्त गरिएको अर्थात खेलकुदको जिम्मा दिइएको पाइयो भने अन्य ३ वटा विद्यालयमा भने समय मिलाएर कुनै पनि शिक्षकले कार्यक्रम संचालन गर्ने गरेको पाइयो ।

### ४.१.५ अतिरिक्त क्रियाकलाप संचालन बारे शिक्षक र विद्यार्थीको प्रतिक्रिया

विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने प्रमुख व्यक्ति शिक्षक हो र उसले आफ्नो योजना र दक्षता अनुसार कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालन गर्न सक्दछ । यस अध्ययनको क्रममा अध्ययन क्षेत्रका रुपमा लिइएका ५ वटा विद्यालयहरुमा विभिन्न क्रियाकलाप संचालन गर्ने विभिन्न तरिकाहरु पाइए । जसअनुसार ५ वटै विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता छात्र-छात्रा गरी सामूहिक रुपमा गर्ने गरेको पाइयो भने खेलकुद प्रतियोगिता भने ५ वटै विद्यालयमा छात्र-छात्रा अलग अलग रुपमा र विद्यार्थीहरुको कक्षागत र तहगत हिसाबले गर्ने गरेको पाइयो । त्यस्तै लघु शैक्षिक भ्रमण, वादविवाद, वक्तृत्व, सांस्कृतिक कार्यक्रम पनि ५ वटै विद्यालयमा सामूहिक रुपमा गर्ने गरेको पाइयो । त्यस्तै वातावरण सरसफाइ र कक्षाकोठा सरसफाइ पनि ५ वटै विद्यालयमा सामूहिक रुपमा गर्ने गरेको पाइयो ।

### ४.१.६ अतिरिक्त क्रियाकलाप संचालन पश्चात् पुरस्कारको व्यवस्था सम्बन्धी प्र.अ. शिक्षक र विद्यार्थीको प्रतिक्रिया

विद्यार्थीको हौसला बढाउनका निम्ति कार्यक्रम संचालन पश्चात पुरस्कारको व्यवस्था गरिनु उपयुक्त हुन्छ । पुरस्कारको माध्यमबाट अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता बढाउन सकिन्छ । यस अध्ययनमा अतिरिक्त क्रियाकलापको संचालन पश्चात विद्यार्थीलाई पुरस्कार दिइनुपर्ने विषयमा प्र.अ. को धारणा अनुसार २ वटा विद्यालयमा प्रत्येक क्रियाकलाप पश्चात् पुरस्कार दिइने गरेको पाइयो भने यसै विषयमा शिक्षकको धारणा के थियो भने २ वटा विद्यालयले वार्षिक उत्सवमा मात्र पुरस्कार दिने गरेको र १ विद्यालयमा भने वार्षिक उत्सवभन्दा अगाडि गरिने क्रियाकलापको पनि रेकर्ड राखेर पुरस्कार दिइने गरेको प्रतिक्रिया पाइयो । यसै विषयमा विद्यार्थीहरुको धारणा यस्तो थियो जस अनुसार ३ वटा विद्यालयमा वार्षिक उत्सवमा गरिने क्रियाकलापमा मात्र पुरस्कार वितरण गर्ने गरेको र २ वटामा भने प्रत्येक क्रियाकलापको वार्षिक रेकर्ड राखी वार्षिक उत्सवमा पुरस्कार प्रदान गर्ने गरेको पाइयो ।

अध्ययनको क्रममा १ वटा विद्यालयको वार्षिक उत्सव कार्यक्रममा सहभागी भइयो र त्यसमा विभिन्न विषयमा विभिन्न विद्यार्थी पुरस्कृत भएको पाइयो । आर्थिक अभावका कारण सबै क्रियाकलापमा पुरस्कार वितरण गर्न नसकिएको प्रतिक्रिया प्र.अ. को थियो ।

### ४.१.७ अतिरिक्त क्रियाकलाप संचालन र समन्वय गर्ने गरेको सम्बन्धित पक्षहरु सम्बन्धमा शिक्षकको प्रतिक्रिया

कुनै पनि कार्यक्रम संचालन गर्न एकल व्यक्ति असमर्थ हुन्छ । उसले विभिन्न पक्षको सहयोग लिनुपर्ने हुन्छ । यहाँ अतिरिक्त क्रियाकलाप संचालनमा शिक्षकले पनि विभिन्न पक्षसँग

समन्वय गर्नु पर्ने हुन्छ । विभिन्न विद्यालयमा विभिन्न पक्षसँग सम्बन्ध राख्ने गरेको पाइयो जसअनुसार ३ वटा विद्यालयले विद्यालय प्रशासन शिक्षक तथा विद्यार्थी र विद्यालय व्यवस्थापन समितिसँग समन्वय राखेर वार्षिक उत्सव जस्ता क्रियाकलाप संचालन गर्ने गरेको पाइयो भने सामान्य क्रियाकलापमा विद्यालय प्रशासन र शिक्षकको सल्लाह अनुसार कार्यक्रम संचालन गरिने गरेको पाइयो । २ वटा विद्यालयमा शिक्षक र प्रशासनले मात्र सल्लाह गरेर कायैक्रम संचालन गर्ने गरेको पाइयो ।

### ४.१.८ अतिरिक्त क्रियाकलाप संचालनमा विद्यालय प्रशासनको सहयोग सम्बन्धी विद्यार्थी प्रतिक्रिया

विद्यालयमा हुने विभिन्न अतिरिक्त क्रियाकलाप संचालन गर्न र विविध सामग्रीहरुको व्यवस्थापन गर्न विद्यालय प्रशासनको प्रमुख भूमिका रहेको हुन्छ । यस अध्ययनका क्रममा ५ वटा विद्यालय १०० जना माध्यमिक तहका विद्यार्थीहरुसँग गरिएको समूह छलफल अनुसार ५ वटा मध्ये २ वटा विद्यालय प्रशासनले पूर्ण रुपमा सहयोग गर्ने गरेको, ३ वटा विद्यालयले अलि अलि सहयोग गरेको पाइयो । यसको प्रमुख कारण आर्थिक स्थितिलाई औल्याएर सहयोग गर्न नसकिएको पाइयो ।

### ४.१.९ अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धिमा पार्ने असर सम्बन्धी प्र.अ. र शिक्षकको प्रतिक्रिया

अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धीमा कस्तो असर पार्छ भन्ने प्रश्नमा प्र.अ. र शिक्षकहरुका फरक फरक मत पाइन्थे तर पनि विद्यार्थीको सर्वाङ्गिण विकास गर्ने कुरामा भने सबैको एकमत पाइयो । यसले विद्यार्थीको पढाइ लेखाइमा सकारात्मक असर पुऱ्याउँछ भन्नेमा ५ वटै विद्यालयका शिक्षकहरु सहमत भए पनि २ वटा विद्यालयका शिक्षकहरुको यसको नकारात्मक असरलाई पनि औल्याएका थिए । उनीहरुका अनुसार धेरै मात्रामा अतिरिक्त क्रियाकलाप संचालन गरिएमा समयमा कोर्ष पूरा नहुने, अभिभावकहरुका गुनासा आउने गरेको पाइयो तर अतिरिक्त क्रियाकलापमा फुर्तिला विद्यार्थीहरु पढाइमा पनि चनाखो नै भएको प्रतिक्रिया पाइयो र नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन गरिएमा विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुग्ने प्रतिक्रिया पाइयो । यस्ता विद्यार्थीहरु समूहमा मिलेर बस्न सक्ने, सामाजिक भावनाको विकास भएका, समूह नेता बन्न चाहने र पढाइमा पनि राम्रै हुने गरेका प्रतिक्रिया शिक्षकबाट पाइयो ।

यस अध्ययनको क्रममा विद्यार्थी समूह छलफल गर्दा सम्भावनायुक्त छनोटमा परेका विद्यार्थीहरु मध्ये खेलकुद लगायत विभिन्न क्रियाकलापमा भाग लिने गरेका विद्यार्थीहरु टाठा, बाठा भएको पाइए उनीहरु समूहमा अरु भन्दा फुर्तिला रहेको पाइए ।

यसका साथै अतिरिक्त क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी प्रश्न गर्दा अतिरिक्त क्रियाकलापको मूल्याङ्कनसँग कुनै सम्बन्ध नरहेको प्रतिक्रिया पाइयो ।

**४.१.१०आर्थिक व्यवस्था सम्बन्धी प्र.अ. र शिक्षकको प्रतिक्रिया**

कुनै पनि कार्यक्रमलाई सम्पन्न गर्नका लागि आर्थिक पक्षको महत्वपूर्ण भूमिका हुन्छ। आर्थिक पक्ष सबल भएमा कार्यक्रम प्रभावकारी हुन्छ। विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापको संचालनका लागि विभिन्न पक्षबाट आर्थिक व्यवस्था मिलाइनु पर्ने हुन्छ। कार्यक्रम संचालनका लागि आवश्यक पर्ने आर्थिक व्यवस्था सम्बन्धी ५ वटै विद्यालयका प्र.अ. र ५ जना शिक्षकको प्रतिक्रिया लिइएको थियो । जसमा ५ वटै विद्यालयका प्र.अ. शिक्षकको धारणा फरक-फरक रहेको पाइयो । जसअनुसार आर्थिक व्यवस्थाको मुख्य स्रोत विद्यालय कोषलाई मानिएको अर्थात् अतिरिक्त क्रियाकलाप संचालन गर्न विद्यालयले कोषबाट खर्च गर्छ भन्नेमा २ वटा विद्यालयका प्र.अ. र २ वटा विद्यालयका शिक्षकले सहमति जनाए।

**४.२ अतिरिक्त क्रियाकलापमा विद्यार्थीको रुचि**

माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थी सहभागिताको अवस्था पत्ता लगाउन गरिएको यस अध्ययनमा विद्यार्थीको सहभागिता प्रमुख तत्वको रुपमा रहेको छ। यस अध्ययनमा विद्यार्थी सहभागिताको अवस्था पत्ता लगाउन ५ वटै विद्यालयका प्र.अ.हरुसँग असंरचित अन्तरवार्ता गरिएको थियो भने ५ वटै विद्यालयका ५ जना शिक्षकहरुसँग समूह छलफल गरिएको थियो भने प्रत्येक विद्यालयमा १/१ वटा कार्यक्रमको अवलोकन गरिएको थियो र विद्यार्थी सहभागिताको अवस्था हेरिएको थियो। जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ।

**४.२.१ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्थ सम्बन्धी प्र.अ.को प्रतिक्रिया**

विद्यालयमा संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था पत्ता लगाउन ५ वटै विद्यालयका प्र.अ. सँग असंरचित अन्तरवार्ता गरिएको थियो जस अनुसार विभिन्न क्रियाकलापमा छात्र-छात्राहरुको सहभागिता फरक-फरक किसिमको पाइयो । कुनै क्रियाकलाप छात्र सहभागिता बढी देखिन्थे भने कुनै त्रियाकलापमा छात्रा सहभागिता बढी देखिन्थे।

विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापहरु मध्ये हाजिरीजवाफमा २ वटा विद्यालयका छात्रहरुको राम्रो सहभागिता रहेको, २ वटामा सन्तोषजनक र १ वटा विद्यालयमा न्यून सहभागिता रहेको पाइयो । सोही क्रियाकलापमा छात्राहरुको सहभागिता हेर्दा १ वटा विद्यालयमा राम्रो, १ वटामा सन्तोषजनक र ३ वटामा न्यून सहभागिता रहेको पाइयो। यो कसरी भने छात्राहरु लजालु स्वभावका भएकाले त्यति भाग लिन मन नगरेको पाइयो । त्यस्तै कक्षाकोठाभित्र गरिने खेलकुदमा ३ वटा विद्यालयका छात्रछात्राको राम्रो सहभागिता रहेको, १ वटा विद्यालयमा सन्तोषजनक रहेको र १ वटामा न्यून सहभागिता रहेको पाइयो। त्यसैगरी कक्षाकोठा बाहिर खेलिने खेलकुदमा छात्राहरुको तुलनामा छात्र सहभागिता राम्रो रहेको पाइयो । आयोजना गरेका क्रियाकलापहरुमा छात्रहरु स्वस्फुर्त रुपमा

सहभागिता जनाउने गरेको पाइयो भने छात्राहरुको त्यति राम्रो उपस्थिति नभएको पाइयो ।

त्यस्तै विद्यालयमा संचालन गरिने हस्तकला चित्रकला प्रतियोगितामा १ वटा विद्यालयका छात्रहरुको राम्रो सहभागिता, २ वटाको सन्तोषजनक र २ वटाको न्यून सहभागिता रहेको पाइयो । सोही क्रियाकलापमा १ वटा विद्यालयका छात्राहरुको सहभागिता राम्रो, ३ वटाको सन्तोषजनक र १ वटामा न्यून सहभागिता पाइयो । विद्यालयमा गरिने सांस्कृतिक कार्यक्रममा भने छात्रहरुभन्दा छात्रा सहभागिता उत्साहजनक भएको पाइयो । जस अनुसार २ वटा विद्यालयमा छात्र सहभागिता राम्रो, २ वटामा सन्तोषजनक र १ वटामा न्यून रहेको पाइयो भने छात्रा सहभागिता भने ३ वटा विद्यालयमा राम्रो, १ वटामा सन्तोषजनक र १ वटामा न्यून रहेको पाइयो । कक्षाकोठा तथा वातावरणीय सरसफाइमा छात्रहरुको तुलनामा छात्रा सहभागिता राम्रो रहेको पाइयो । यस प्रतियोगितामा १ वटा विद्यालयमा छात्र सहभागिता राम्रो, २ वटामा सन्तोषजनक र २ वटामा न्यून पाइयो भने छात्रा सहभागिता हेर्दा ३ वटा विद्यालयमा राम्रो, १ वटामा सन्तोषजनक र १ वटामा न्यून रहेको पाइयो । समग्रमा भन्नु पर्दा कक्षा बाहिरका क्रियाकलापमा छात्र सहभागिता राम्रो देखिन्छ भने सांस्कृतिक क्रियाकलाप लगायत वातावरणीय सरसफाइ जस्ता क्रियाकलापमा छात्रा राम्रो देखिन्छ ।

यसरी विभिन्न विद्यालयमा गरिएको अध्ययन पश्चात् यस्तो निष्कर्षमा पुग्न सकिन्छ कि छात्र सहभागिता छात्राको तुलनामा बढी रहेको पाइयो ।

### ४.२.२ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता सम्बन्धी शिक्षकहरुको प्रतिक्रिया

अतिरिक्त क्रियाकलापहरुमा विद्यार्थी सहभागितको अवस्था सम्बन्धी ५ वटै विद्यालयका शिक्षकहरुको प्रतिक्रिया प्र.अ. हरुको भन्दा केहि पृथक रहेको पाइयो र ५ वटै विद्यालयमा फरक-फरक सहभागिता रहेको कुरा शिक्षकहरुलाई भर्न दिएको प्रश्नावलीबाट पाइयो । जसअनुसार हाजिरीजवाफ प्रतियोगितामा २ वटा विद्यालयको छात्रहरुको राम्रो सहभागिता, २ वटाको सन्तोषजनक र १ वटामा न्यून रहेको पाइयो भने सोही क्रियाकलापमा २ वटा विद्यालयका छात्राहरुको राम्रो, २ वटामा सन्तोषजनक र १ वटामा न्यून सहभागिता रहेको पाइयो । कक्षाकोठा बाहिर खेलाइने खेलहरुमा ५ वटै विद्यालयका छात्रहरुको राम्रो सहभागिता पाइयो । खेल खेलाउने भनेपछि विद्यार्थीहरु हुरुक्कै हुने गरेको प्रतिक्रिया शिक्षकहरुबाट पाइयो । २ वटा विद्यालयका छात्राहरुको सन्तोषजनक र १ वटाको न्यून सहभागिता रहेको पाइयो । त्यस्तै हस्तकला, चित्रकला, वादविवाद जस्ता क्रियाकलापमा ३ वटा विद्यालयका छात्र र २ वटा विद्यालयका छात्राहरुको राम्रो सहभागिता रहेको पाइयो, २ वटा विद्यालयका छात्र, ३ वटा विद्यालयका छात्राको सन्तोषजनक र ३/३ वटा विद्यालयका छात्रछात्राहरुको न्यून सहभागिता रहेको पाइयो ।

### ४.२.३ अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी विद्यार्थीसँग गरिएको समूह छलफल

यस अध्ययनको क्रममा ५ वटा विद्यालयमा २०-२० जना गरी १०० जना विद्यार्थीहरुलाई छनौट गरी अतिरिक्त क्रियाकलापमा सहभागिता सम्बन्धी समूह छलफल गरिएको थियो । प्रत्येक विद्यालयमा अलग-अलग समूह बनाइ छलफल गरी निष्कर्ष निकालिएको थियो । जसअनुसार विद्यालयमा गरिने विभिन्न क्रियाकलापहरुमा विद्यार्थीहरुको सहभागिता फरक फरक रहेको पाइयो । विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापमध्ये हाजिरीजवाफ प्रतियोगितामा १०० जना मध्ये १५ जना छात्र र ५ जना छात्राले भाग लिएको बताए,त्यसैगरी कक्षाकोठा बाहिर खेलिने खेलकुदमा ३० जना छात्र र २० जना छात्राको सहभागिता रहेको पाइयो, भने कक्षाकोठा भित्र संचालन गरिने खेलकुदमा २५ जना छात्र र १५ जना छात्राको सहभागिता रहेको पाइयो । त्यसैगरी हस्तकला, चित्रकला प्रतियोगिता, वादविवाद, हिज्जे आदिमा १८ जना छात्र र १२ जना छात्राको सहभागिता रहेको पाइयो । तर सांस्कृतिक क्रियाकलापमा भने छात्रा सहभागिता छात्रहरुको तुलनामा राम्रो पाइयो । जहाँ ८ जना छात्र १२ जना छात्राले सहभागिता जनाएको पाइयो । विद्यालयबाट गरिने शैक्षिक भ्रमणमा भने छात्रा सहभागिता न्यून रहेको पाइयो । १०० जना मध्ये ३० जना छात्र र १० जना छात्राले मात्र शैक्षिक भ्रमणमा भाग लिएको बताए । घरायसी समस्या, अभिभावकले टाढा टाढा सम्म जान नदिने, आर्थिक अभाव जस्ता कारणले शैक्षिक भ्रमणमा जान कठिनाइ भएको पाइयो । यसै गरी कक्षाकोठा सरसफाइमा भने छात्रा सहभागिता राम्रो रहेको पाइयो भने सतप्रतिशत छात्र छात्राले दैनिक व्यायाममा सहभागिता जनाउने गरेको बताए ।

यसरी विद्यालयद्वारा आयोजना गरिने विभिन्न क्रियाकलापहरुमा छात्र सहभागिता छात्राको तुलनामा राम्रो देखिन्छ तर सांस्कृतिक तथा वातावरणीय सरसफाइ कार्यक्रममा भने छात्रा सहभागिता नै बढी रहेको पाइयो । यसका साथै विद्यालयले उचित मात्रामा अतिरिक्त क्रियाकलापको आयोजना नगर्नु, सामग्री अभाव तथा आर्थिक अभावका कारण पनि विद्यार्थी सहभागिता कमि आएको पाइयो ।

### ४.२.४ अन्तर विद्यालय प्रतियोगितामा भाग लिएको बारे प्र.अ. शिक्षक र विद्यार्थी प्रतिक्रिया

अतिरिक्त क्रियाकलापहरुमा विद्यालय भित्र मात्र सिमित नभएर शिक्षा नियमावलीमा तोकिए अनुसार स्रोतकेन्द्र जिल्ला, क्षेत्र तथा राष्ट्रिय स्तरमा समेत आयोजना गरिनु पर्ने उल्लेख गरेको पाइन्छ । यस्ता विभिन्न स्तरमा गरिने विभिन्न क्रियाकलापहरुमा सबै विद्यालयहरुको समान सहभागिता भने नहुने गरेको पाइन्छ । यस अध्ययनका क्रममा नमूनाको रुपमा लिइएका ५ वटा विद्यालयहरुले भाग लिएका विभिन्न क्रियाकलापहरु बारे जानकारी प्राप्त गर्न प्र.अ. सँग असंरचित अन्तरवार्ता शिक्षकसँग प्रश्नावली र विद्यार्थीसँग समूह छलफल गरिएको थियो । समग्रमा प्र.अ.

शिक्षक र विद्यार्थीको फरक-फरक धारणा पाइयो । जस अनुसार जिल्ला स्तरमा संचालन गरिएका खेलकुदहरुमा प्र.अ. ले यस्तो प्रतिक्रिया दिएका थिए ।

जिल्लास्तरीय भलिबलमा भाग लिएका २ वटा विद्यालय फुटबलमा, एथलेटिक्समा ३ कबड्डीमा २ र हाजिरीजवाफमा ३, सांस्कृतिक कार्यक्रममा २ र वक्तित्वकला तथा निवन्धमा ३ वटा विद्यालयले भाग लिएको प्रतिक्रिया पाइयो भने यिनै प्रतियोगिताहरुमा स्रोत केन्द्र स्तरमा संचालन गरिएका कार्यक्रमहरुमा भलिबलमा ५ वटा विद्यालयले भाग लिएका, फुटबलमा ४, एथलेटिक्समा ५, हाजिरीजवाफ ५, सांस्कृतिक कार्यक्रममा ३ तथा वक्तित्वकला र निबन्ध प्रतियोगितामा ५ वटा विद्यालयले भाग लिएको प्रतिक्रिया पाइयो ।

उपरोक्त प्रतियोगिता सम्बन्धी शिक्षकहरुसँग गरिएको प्रश्नावली अनुसार उनीहरुको प्रतिक्रिया पनि प्र.अ. को जस्तै थियो तर एथलेटिक्स र भलिबलमा भने एथलेटिक्समा २ वटा र भलिबलमा ३ वटा विद्यालयले स्रोत केन्द्र र जिल्ला स्तरमा भाग लिएको पाइयो । यसै विषयमा विद्यार्थीहरुसँग गरिएको छलफलमा उनीहरुको प्रतिक्रिया पृथक थियो । जस अनुसार जिल्ला स्तरिय भलिबलमा भाग लिएको ३ वटा विद्यालय, फुटबल १, एथलेटिक्स २, हाजिरीजवाफमा २, सांस्कृतिक कार्यक्रममा २ तथा वक्तित्वकला, निबन्ध प्रतियोगितामा ४ वटा विद्यालयले भाग लिएको प्रतिक्रिया पाइयो भने सोही क्रियाकलापमा स्रोत केन्द्रस्तरमा भने विद्यार्थीहरुको पनि समान प्रतिक्रिया पाइयो ।

माथिको विश्लेषणबाट के भन्न सकिन्छ भने जिल्ला स्तरमा हुने क्रियाकलापमा भन्दा स्रोत केन्द्र स्तर प्रतियोगितामा बढी मात्रामा सहभागिता रहेको पाइयो । अध्ययनको क्रममा अध्ययनकर्तालाई प्राप्त जानकारी अनुसार ३ वटाले कबड्डीमा र २ वटाले भलिबल र २ वटाले फुटबलमा भाग लिएको पाइयो । उपरोक्त कार्यक्रमहरु डिपो उच्च मा.वि. को खेल मैदानमा संचालन भएका थिए ।

### ४.२.५ अतिरिक्त क्रियाकलापमा सहभागिता हुँदा अभिभावकको सहयोग सम्बन्धी विद्यार्थी प्रतिक्रिया

विद्यालयमा सञ्चालन गरिने विभिन्न अतिरिक्त क्रियाकलापमा सहभागिता जनाउन विद्यार्थीहरुलाई विभिन्न पक्षको सहयोगको आवश्यकता पर्दछ । त्यसमा पनि अभिभावकको सहयोगको सबैभन्दा बढी आवश्यकता हुन्छ । यस अध्ययनको क्रममा अभिभावकको सहयोग सम्बन्धी जानकारी प्राप्त गर्न ५ वटै विद्यालयका २०-२० जना विद्यार्थीहरुसँग समूह छलफल गरिएको थियो र उनीहरुको प्रतिक्रिया बुझिएको थियो । जस अनुसार १०० जना विद्यार्थी मध्ये २० जना विद्यार्थीहरुका अभिभावकहरुले पूर्ण रुपमा सहयोग पुऱ्याएका र विद्यार्थीहरुलाई प्रोत्साहन दिइरहेको पाइयो भने ५० जना विद्यार्थीका अभिभावकहरुले भने पूर्ण रुपमा सहयोग गर्न नसके पनि समर्थन गर्ने गरेको पाइयो भने १० जना विद्यार्थीका अभिभावकहरुले भने यस सम्बन्धी कुनै चासो

नदिने गरेको प्रतिक्रिया विद्यार्थीहरुबाट पाइयो। उनीहरुका अनुसार अतिरिक्त, क्रियाकलापले पढाइ बिग्रन्छ त्यसैले त्यसमा ध्यान दिनु हुँदैन भन्ने धारणा पाइयो ।

यसबाट के प्रष्ट हुन्छ भने २० जना विद्यार्थीका अभिभावक जागरुक भएका कारण उनीहरुले पूर्ण सहयोग पाएका, ५० जना विद्यार्थीका अभिभावक मध्यम वर्गीय भएकाले अलि अलि सहयोग प्राप्त गरेका र ३० जनाका भने त्यति जागरुक नभएका र पढाइ लेखाइमा बाधा पुग्ने अतिरिक्त क्रियाकलाप प्रति नकारात्मक धारणा रहेको पाइयो ।

### ४.२.६ अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया र विद्यार्थी सहभागिताको तरिका सम्बन्धी प्र.अ., शिक्षक र विद्यार्थी प्रतिक्रिया

कुनै पनि कार्यक्रम सञ्चालन गर्ने प्रक्रियाले त्यसको गुणस्तर एवं प्रतिफल असर पर्दछ । कार्यक्रम सञ्चालनको प्रक्रिया उचित छ भने कार्यक्रम प्रभावकारी हुन्छ । यस अध्ययनको क्रममा नमूनाको रुपमा लिइएको ५ वटै विद्यालयको प्र.अ. सँग असंरचित अन्तर्वार्ता, शिक्षकसँग प्रश्नावली र विद्यार्थीसँग समूह छलफल गरिएको थियो । ५ वटै विद्यालयमा कार्यक्रम सञ्चालनको प्रक्रियामा समान रहेको पाइयो । ५ वटै विद्यालयमा कक्षागत, तहगत र स्तर अनुसार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । कार्यक्रम सञ्चालनका लागि प्रत्येक विद्यालयमा ४ वटा सदन बनाइएको र त्यसकै आधारमा विद्यार्थी सहभागिताको विषयलाई हेर्दा ५ वटै विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता मिश्रित (छात्र+छात्रा) गर्ने गरेको खेलकुद प्रतियोगिता छात्र-छात्रा अलग-अलग गर्ने गरेको वक्तित्वकला, हाजिरीजवाफ, चित्रकला, साँस्कृतिक क्रियाकलाप, शैक्षिक भ्रमण, कक्षाकोठा तथा वातावरणीय सरसफाइजस्ता क्रियाकलाप भने सामूहिक रुपमा सहभागी गराउने गरेको पाइयो । साथै अतिरिक्त क्रियाकलापमा बालबालिकाको रुचि बढ्दै गएको पाइएको छ ।

### ४.२.७ अतिरिक्त क्रियाकलाप संचालनमा देखिएका समस्या र समाधानका उपाय

कुनै पनि कार्यक्रम संचालन गर्ने कार्य कठिन हुन्छ । कार्यक्रम संचालनको क्रममा विभिन्न पक्षहरुमा विभिन्न समस्याहरु देखा पर्दछन् जसले गर्दा कार्यक्रम संचालनमा बाधा पुग्दछ । सार्वजनिक विद्यालयमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी गरिएको यस अध्ययनमा कार्यक्रम संचालन र व्यवस्थापनमा विभिन्न समस्याहरु पर्न गएको प्रतिक्रिया प्र.अ., शिक्षक र विद्यार्थीहरुबाट पाइयो जस अनुसार प्र.अ. का अनुसार कार्यक्रमको आयोजना गर्न आर्थिक अभाव तथा अन्य भौतिक साधनको अभाव रहेको पाइयो भने शिक्षकलाई कार्यक्रम संचालन गर्न कठिनाइ परेको पाइयो भने विद्यार्थीहरुलाई कार्यक्रममा सहभागी हुन विभिन्न समस्या भएको प्रतिक्रिया पाइयो ।

विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्दा मुख्य गरी आर्थिक र खेलकुद सामग्रीको अभाव तालिम प्राप्त खेल शिक्षकको अभाव, विशेष शिक्षकको अभाव तथा विद्यार्थीहरुलाई सहभागी गराउन र उनीहरुलाई नियन्त्रण गर्न कठिनाइ परेको पाइयो । यसका साथै बढी भन्दा बढी अतिरिक्त क्रियाकलाप संचालन गराउँदा पढाइमा बाधा पर्ने, समयमा कोर्ष पूरा नहुने र अभिभावकहरुका गुनासा सुन्नु पर्ने जस्ता समस्या रहेको पाइयो । यसका साथै कतिपय विद्यालयमा खेल मैदान अत्यन्तै साँघुरो रहेको र विद्यार्थी संख्या बढी भएकाले पनि कार्यक्रम संचालन गर्न कठिनाइ परेको पाइयो ।

यस्ता विविध समस्याहरु समाधान गर्न विभिन्न पक्षको आ-आफ्नै भूमिका रहन्छ। जसअनुसार आर्थिक व्यवस्थापन गर्न शिक्षा मन्त्रालयबाट विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापका लागि छुट्टै बजेटको व्यवस्था गरिनुपर्ने, विद्यालय प्रशासनले विद्यार्थी संख्याको अनुपातमा सामग्री व्यवस्थापन गर्नुपर्ने खेलमैदानको व्यवस्थापन तथा विद्यार्थीहरुलाई नियन्त्रण गर्न अन्य शिक्षकको सहयोग लिनुपर्ने प्रतिक्रिया पाइयो । यसका साथै समयमा कोर्ष पूरा गर्नका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्न अतिरिक्त समयको व्यवस्था गरिनुपर्ने भन्ने प्रतिक्रिया पाइयो यसैगरी विद्यार्थी सहभागिता बढाउन पुरस्कारको व्यवस्था गर्दै उनीहरुको हौसला बढाउनुपर्ने र अभिभावकहरुलाई अतिरिक्त क्रियाकलाप सम्बन्धी चेतना जगाउन सकिन्छ भन्ने प्रतिक्रिया पाइयो । यसरी विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलाप संचालनमा देखिएका समस्या समाधान प्रंति प्र.अ., शिक्षक र विद्यार्थीहरुको फरक फरक प्रतिक्रिया प्राप्त भएको थियो ।

यस अध्ययनको क्रममा प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा जाँदा विभिन्न समस्याहरु पाइए । जसमा ५ वटा विद्यालयहरु मध्ये ३ वटा विद्यालयमा उचित खेलकुद मैदानको व्यवस्था नभएको २ वटा विद्यालयमा खेल सामग्री त्यति राम्रो नरहेको, ३ वटा विद्यालयमा खेल शिक्षकको व्यवस्था नभएको पाइयो भने कुनै पनि विद्यालयमा उचित समय तालिकाको व्यवस्था गरिएको पाइएन । साथै विद्यार्थी अनुपातमा खेल सामग्रीको व्यवस्था नरहेको पाइयो । यस्ता विविध समस्याहरु भए पनि यसको समाधान सम्बन्धी खासै व्यवस्था नरहेको पाइयो ।

### ४.३ अतिरिक्त क्रियाकलाप र यसले विद्यार्थीको सिकाईमा पारेको प्रभाव

अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको चौतर्फी विकासमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ भन्ने कुरालाई हामी सबैले आत्मसात गरिसकेको कुरा हो । यसरी विद्यालयमा हुने विभिन्न अतिरिक्त क्रियाकलापहरुले उनीहरुको सिकाइ र परीक्षाफलमा के-कस्तो प्रभाव पारेको हुन्छ भन्ने कुरालाई यस अध्ययनले समेटेको छ । ५ वटै विद्यालयबाट २०-२० जनाका दरले जम्मा १०० जना विभिन्न १० अतिरिक्त क्रियाकलापमा रुचि राख्ने र त्यहि दरमा १०० जना अतिरिक्त

क्रियाकलापमा रुचि नराख्ने विद्यार्थीहरुको छनौट गरी उनीहरुको परीक्षाफल अध्ययन गर्दा निम्न अनुसारको अवस्था रहेको पाइयो । जसलाई निम्न अनुसार तुलनात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २**

| क.सं. | विवरण | जम्मा विद्यार्थी | उत्कृष्ट | प्रथम | द्वितीय | तृतीय | अनुत्तीर्ण |
|---|---|---|---|---|---|---|---|
| १ | रुचि राख्ने | १०० | ५ | ९ | २५ | २७ | ३४ |
| २ | रुचि नराख्ने | १०० | १ | ३ | १९ | १५ | ६२ |
| | जम्मा | २०० | ६ | १२ | ४४ | ४२ | ९६ |

माथिको तालिकालाई विश्लेषण गर्दा अतिरिक्त क्रियाकलापमा रुचि राख्ने विद्यार्थीहरु ३४ प्रतिशत मात्र अनुत्तीर्ण भएका देखिन्छन् भने अतिरिक्त क्रियाकलापमा रुचि नराख्ने विद्यार्थीहरु ६२ प्रतिशत अनुत्तीर्ण भएका देखिन्छन् ।

अतिरिक्त क्रियाकलापमा रुचि राख्ने १०० विद्यार्थीमध्ये ५ जना उत्कृष्ट, ९ जना प्रथम, २५ जना द्वितीय र २७ जना तृतीय र ३४ जना अनुत्तीर्ण भएको पाइएको छ ।

त्यसरी नै अतिरिक्त क्रियाकलापमा रुचि नराख्नेहरुमा उत्कृष्ट श्रेणीमा १ जना, प्रथम श्रेणीमा ३ जना, द्वितीय श्रेणीमा १९ जना, तृतीय श्रेणीमा १५ जना र अनुत्तीर्ण हुने ६२ जना रहेका छन् ।

उपरोक्त दुवै नतिजाहरुलाई विश्लेषण गर्दा अतिरिक्त क्रियाकलापमा रुचि नराख्नेको तुलनामा रुचि राख्ने विद्यार्थीहरुको सिकाई उपलब्धी स्तर उच्च रहेको देखिन्छ । यसको आधारमा के भन्न सकिन्छ भने अतिरिक्त क्रियाकलापले सिकाईमा सकारात्मक प्रभाव पार्दछ।

# परिच्छेद-पाँच
# प्राप्ति, निष्कर्ष र सुझाव

अतिरिक्त क्रियाकलापको प्रभावकारिता शिर्षक राखी गरिएको यस शोध पत्रको परिच्छेद पाँच अन्तर्गत अध्ययनबाट के प्राप्ति भयो ? अध्ययनको निष्कर्ष के हो ? तथा प्राप्ति तथा निष्कर्षको आधारमा सम्बन्धित पक्षहरुलाई के के सुझाव दिन उपयुक्त हुन्छ भनी ती विषयहरुलाई यस खण्डमा समाविष्ट गरिएको छ ।

## ५.१ मुख्य प्राप्तिहरु

सामुदायिक विद्यालयको माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थी सहभागिताको अवस्था सम्बन्धी धरान नगरपालिका भित्रको ५ ओटा विद्यालयमा गरिएको यस अध्ययन अनुसार विद्यालयहरुमा कार्यक्रम संचालनको प्रक्रिया, विद्यार्थी सहभागिताको अवस्था देखि लिएर कार्यक्रम संचालनमा देखिएका समस्याहरु र यसका प्रभाव प्रत्येक विद्यालयमा फरक फरक किसिमको रहेको पाइयो । यसका साथै अध्ययनबाट निम्न कुरा प्राप्त गर्न सकियो ।

- छनोटमा परेको ५ विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरेको पाइयो तर संचालनको तरिका विद्यार्थी सहभागिताको अवस्था भने त्यति सन्तोषजनक नभएको पाइयो ।
- शिक्षा नियमावलीमा तोकिएअनुसार अतिरिक्त क्रियाकलाप संचालनको वार्षिक कार्य तालिका कुनै पनि विद्यालयमा नभएको पाइयो ।
- विद्यालयहरुमा अन्तर सदनात्मक र कक्षागत रुपमा पनि कार्यक्रम संचालन गर्ने गरेको पाइयो ।
- ३ वटा विद्यालयहरुमा विशेष खेल शिक्षकको व्यवस्था रहेको र २ वटामा अन्य शिक्षकले कार्यक्रम संचालन गर्ने गरेको पाइयो तर कक्षागत रुपमा गरिने सह क्रियाकलाप भने विषय शिक्षकले गराउने गरेको पाइयो ।
- विद्यार्थी सहभागिता राम्रो रहेको तर छात्रहरुको तुलनामा छात्रा सहभागिता केही न्यून रहेको पाइयो ।
- अन्य अतिरिक्त क्रियाकलाप भन्दा खेलकुदमा बढी सहभागी हुने गरेको पाइयो ।
- अतिरिक्त क्रियाकलाप संचालन गर्दा अतिरिक्त क्रियाकलापको प्रकृति अनुसार छात्र-छात्रा अलग अलग रुपमा र केही क्रियाकलापमा सामुहिक रुपमा संचालन गर्ने गरेको पाइयो ।
- खेलकुद जस्ता क्रियाकलापमा छात्रहरुको सहभागिता छात्राका तुलनामा राम्रो देखिए पनि सांस्कृतिक तथा सरसफाइ कार्यक्रममा छात्रा सहभागिता छात्रहरुको तुलनामा राम्रो रहेको पाइयो ।

- अतिरिक्त क्रियाकलाप संचालन पश्चात् ३ वटा विद्यालयमा प्रत्येक कार्यक्रम पश्चात् पुरस्कारको व्यवस्था भएको र २ वटामा भने वार्षिक उत्सवमा मात्र पुरस्कारको व्यवस्था रहेको पाइयो ।
- अतिरिक्त क्रियाकलाप संचालन गर्नाले विद्यार्थीको सर्वाङ्गीण पक्षको विकास हुने प्रतिक्रिया पाइयो भने कोर्ष पूरा नहुनु, अभिभावकका गुनासा आउनु नकारात्मक असरहरु रहेको पाइयो ।
- प्रत्येक विद्यालयले अतिरिक्त क्रियाकलाप संचालन गर्दा आर्थिक समस्या भेल्नु परेको र विद्यार्थी अनुपात अनुसार खेल सामग्री नरहेको पाइयो ।
- ४ वटा विद्यालयमा खेल मैदान साँघुरो रहेको र १ वटामा भने उचित खेल मैदान रहेको पाइयो ।
- अतिरिक्त क्रियाकलापले मूल्याङ्कनमा खासै महत्व नराखिएको पाइयो अर्थात् विद्यार्थीहरुको मूल्याङ्कनमा अतिरिक्त क्रियाकलाप वापत कुनै अङ्क प्रदान नगर्ने गरेको पाइयो ।
- प्रत्येक विद्यालयले वार्षिक उत्सवमा विभिन्न कार्यक्रम संचालन गर्ने गरेको र ३ वटा विद्यालयले उचित तरिकाबाट अभिलेख राख्ने गरेको पाइयो भने २ वटाले सामान्य किसिमबाट अभिलेख राख्ने गरेको पाइयो । संचालन गर्दा २ वटा विद्यालयमा मात्रै व्यवस्थित तरिकाबाट संचालन गर्ने गरेको पाइयो ।
- अतिरिक्त क्रियाकलाप संचालनमा विद्यार्थी तथा शिक्षकको सक्रियता सन्तोषजनक नरहेको प्रतिक्रिया प्र.अ. बाट पाइयो भने प्रशासनले खासै सहयोग नगर्ने गरेको प्रतिक्रिया शिक्षक र विद्यार्थीबाट पाइयो ।

यसरी माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता अध्ययनको क्रममा अध्ययन क्षेत्रका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालनको अवस्था खासै सन्तोषजनक पाइएन र अतिरिक्त क्रियाकलापका सामग्रीहरुको अभाव विद्यालय प्रशासनको कमजोरीका साथै विभिन्न सम्बन्धित निकायहरुको सहयोग खासै नपाइएको अवस्था पाइयो ।

## ५.२ निष्कर्ष

सामुदायिक विद्यालयमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता शिर्षकमा अध्ययन गर्ने क्रममा सुनसरी जिल्ला अन्तर्गतको धरान नगरपालिका अन्तर्गतका १३ वटा सामुदायिक माध्यमिक विद्यालयहरु मध्ये ५ वटा विद्यालयहरुलाई अध्ययनका लागि छनोट गरिएको थियो । ५ वटै विद्यालयका प्र.अ., प्रत्येक विद्यालयका एक-एक जना शिक्षक र प्रत्येक विद्यालयबाट २०-२० जना विद्यार्थीहरुलाई नमूना जनसंख्याका रुपमा लिइएको थियो । अध्ययनको उद्देश्य अनुसार प्र.अ. सँग असंरचित अन्तवार्ता, शिक्षकहरुसँग प्रश्नावली भर्न दिइएको र विद्यार्थीहरुसँग प्रत्येक

विद्यालयमा समूह छलफल गरी आवश्यक सूचना एवं तथ्याङ्क संकलन गरियो । यसका साथै प्रत्येक विद्यालयमा एक-एक वटा अतिरिक्त क्रियाकलापको अवलोकन पनि गरिएको थियो ।

पाठयक्रममा तोकिएको अतिरिक्त क्रियाकलापहरु मध्ये केही मुख्य-मुख्य क्रियाकलापहरु संचालन गर्ने गरेको पाइयो । प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनको तरिका फरक फरक रहेको पाइयो । ५ वटा विद्यालयहरु मध्ये अतिरिक्त क्रियाकलाप संचालनका लागि विशेष शिक्षकको व्यवस्था भएका ३ वटा विद्यालय रहेको पाइयो । अतिरिक्त क्रियाकलाप संचालनका लागि आवश्यक पर्ने आर्थिक व्यवस्थापन गर्न भने विद्यार्थी, विद्यालय कोष र अन्य स्रोतको आधारमा व्यवस्था गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलापहरु मध्ये शारीरिक व्यायाम भने ५ वटै विद्यालयमा दैनिक रुपमा गरिने गरेको पाइयो । यसैगरी कक्षा बाहिर खेलाइने खेलहरुमा छात्रहरुको बढी सहभागिता हुने गरेको पाइयो भने कक्षाभित्र र साँस्कृतिक क्रियाकलापमा छात्रा सहभागिता बढी रहेको पाइयो । यसैगरी २ वटा विद्यालयमा महिनाको अन्तिम शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने गरेको पाइयो भने अन्यमा नियमित रुपमा नगर्ने गरेको पाइयो ।

प्रायजसो सबै विद्यालयमा अन्तरसदनात्मक कार्यक्रम बढी गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलाप संचालन गराउँदा छात्रछात्रा अलग अलग रुपमा संचालन गर्ने गरेको पाइयो । छनौटमा परेको सबै विद्यालयमा आर्थिक अभावको कारण अतिरिक्त क्रियाकलाप संचालनमा कठिनाइ रहेको प्रतिक्रिया पाइयो भने २ वटा विद्यालयमा खेलमैदान अति नै साँघुरो रहेको पाइयो । अतिरिक्त क्रियाकलाप संचालन पश्चात् पुरस्कारको व्यवस्था भने २ वटा विद्यालयमा प्रत्येक कार्यक्रमको नतिजा राखी पुरस्कार दिने चलन रहेको पाइयो भने ३ वटा विद्यालयमा भने वार्षिक उत्सवको बेला संचालन गरिने कार्यक्रममा मात्र पुरस्कार वितरणको व्यवस्था गरेको पाइयो ।

यसैगरी खेलकुदका सामग्री पनि सबै विद्यालयमा विद्यार्थी अनुपातमा नरहेको पाइयो । कार्यक्रम संचालनमा भने विद्यालय प्रशासन, विद्यार्थी र शिक्षक मिलेर संचालन गर्ने गरेको पाइयो । विद्यार्थी सहभागितामा अभिभावकहरुको महत्वपूर्ण भूमिका हुन्छ । अन्तर विद्यालय प्रतियोगितामा भने ३ वटा विद्यालयहरुले भाग लिएको पाइयो । अतिरिक्त क्रियाकलापले विद्यार्थीको सर्वाङ्गिण विकास गर्छ भन्ने प्रतिक्रिया शतप्रतिशत विद्यालयले दिए पनि समयमा कोर्ष पूरा नहुने अभिभावकका गुनासो आउनाले यसको संचालनमा समस्या देखा परेको प्रतिक्रिया पाइयो । अतिरिक्त क्रियाकलाप संचालनमा विविध समस्याहरु रहेको हुँदा सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको संचालन गर्ने कठिनाइ परिरहेको पाइयो । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने मा.वि. तहमा अतिरिक्त क्रियाकलाप संचालनको अवस्था त्यति सन्तोषजनक अवस्था रहेको छैन । विभिन्न समस्याहरु रहेको भएता पनि स्थानीय स्तरमै विद्यालयसँग सरोकारवालाहरुले यसको समाधान गर्न पहल गर्न सकेमा त्यस्ता क्रियाकलापहरुलाई सुधार गरी लागू गर्न सकिन्छ र विद्यार्थीको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

यस अध्ययन अनुसार अतिरिक्त क्रियाकलापमा संलग्न हुने वा रुचि राख्ने विद्यार्थी पढाइमा पनि अब्बल हुने निष्कर्ष प्राप्त भएको छ । अतिरिक्त क्रियाकलापमा रुचि राख्ने र नराख्ने विद्यार्थीको अध्ययन गर्दा जस्ले बढी अतिरिक्त कृयाकलापमा रुचि राख्दछ उसको उत्तिर्ण संख्या पनि बढी देखिएको छ भने जुन विद्यार्थीले अतिरिक्त कृयाकलापमा रुचि राख्दैन उसको उत्रिर्ण संख्या पनि कम मात्र देखिएको छ । अध्ययन अनुसार अतिरिक्त कृयाकलाप र परीक्षाको परिणाम बीच एक अर्कामा सकारात्मक अन्तर सम्बन्ध देखिएको छ । अतिरिक्त कृयाकलापमा रुचि राख्ने विद्यार्थीले नै राम्रो अंक प्राप्त गर्न सफल भएको देखिएको छ भने अतिरिक्त कृयाकलापमा रुचि नराख्ने विद्यार्थीले परीक्षामा पाएको अंक पनि कमजोर भएको देखिएको छ । यस अध्ययन अनुसार जसले बढी अतिरिक्त कृयाकलापमा रुचि राख्छ तिनै विद्यार्थी पढाइमा पनि सफल हुने निष्कर्ष निस्किएको छ । त्यसकारण विद्यालयको शैक्षिक स्तर राम्रो हुनुमा त्यस विद्यालयमा संचालन गरिने अतिरिक्त कृयाकलापले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालयमा अतिरिक्त कृयाकलापलाई पनि पढाई सँगसँगै अगाडि बढाउनु जरुरी देखिएको छ ।

### ५.३ सुझावहरु

सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थी सहभागिताको अवस्था, अतिरिक्त क्रियाकलापका सामग्रीहरुको व्यवस्थापन, विद्यालय तथा विद्यार्थीहरुको सक्रियता तथा शिक्षासँग सम्बन्धित निकायहरुको सहयोगको अवस्था, अतिरिक्त क्रियाकलापको अवलोकन आधारमा विद्यार्थीहरुको शैक्षिक गुणस्तर तथा सर्वाङ्गीण विकासमा सहयोग पुगोस् भन्ने उद्देश्यले निम्न सुझाबहरु पेश गर्न सकिन्छ ।

- अध्ययनको क्रममा अधिकांश विद्यालयहरुमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप संचालन नगरिएको पाइयो । अतिरिक्त क्रियाकलाप नियमित रुपमा संचालन गर्नको लागि विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थीहरुले आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गर्न सके कार्यक्रम संचालनमा सहजता आउन सक्छ ।
- अधिकांश विद्यालयहरुमा अतिरिक्त क्रियाकलापका साधनहरुको अभाव देखियो । यस्तो अभावहरुको पुर्ति गर्न विभिन्न सामग्रीको प्रयोग गर्न सकिन्छ साथै विद्यार्थी अभिभावकहरुको सहयोग लिई समस्या निवारण गर्न सकिन्छ ।
- कतिपय विद्यालयहरुमा कार्यक्रमको योजना तर्जुमा र अभिलेख उचित किसिमले नराखेको पाइयो । यसका लागि आवश्यक कार्य योजना तयार गरी सोही अनुसार कार्यक्रम संचालन गरिनुपर्ने र शुद्ध रुपमा अभिलेख राख्न सकेमा कार्यक्रमलाई प्रभावकारी बनाउन सकिन्छ ।
- पाठयक्रममा तोकिएका सम्पूर्ण क्रियाकलापहरु उचित ढंगबाट संचालन नगरेको पाइयो यसका लागि विद्यालयहरुले अतिरिक्त क्रियाकलाप संचालनको योजना बनाइ सो अनुसार

शिक्षकहरुलाई विद्यालयमै सामान्य तालिमको व्यवस्था अर्थात् छलफल गरेर कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

- विद्यार्थीहरुको सहभागिता बढाउनका लागि विद्यार्थीहरुको हौसला बढाउने खालका कार्यक्रम संचालन गरी खास गरी छात्रा सहभागिता बढाउनमा जोड दिनु उपयुक्त हुन्छ । यसका लागि विद्यार्थीहरुलाई कार्यक्रममा उत्कृष्टता प्राप्त गरे अनुसार पुरस्कारको व्यवस्था गरी उनीहरुको हौसला बढाउन सकेमा विद्यार्थी सहभागिता बढाउन सकिने देखिन्छ ।
- अतिरिक्त क्रियाकलाप संचालनका लागि विशेष शिक्षकको व्यवस्था नभएका विद्यालयमा विशेष खेल शिक्षकको व्यवस्था गर्ने पहल गरिनुपर्ने देखिन्छ अर्थात अन्य शिक्षकहरु मध्येबाट नै तालिम दिएर भए पनि विशेष शिक्षक तयार गर्न सके अझै प्रभावकारी हुन सक्थ्यो यसका साथै विषय शिक्षकहरुलाई पनि कक्षामा गरिने सामान्य किसिमका सह तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी छलफल गराई कार्यक्रम गराउन सकिएमा प्रभावकारी हुने देखिन्छ ।
- १ वटा विद्यालयमा अतिरिक्त क्रियाकलापको संचालन पश्चात पुरस्कारको त्यति राम्रो व्यवस्था नभएको पाइयो । विद्यार्थीको हौसला बढाउनका लागि कुनै स्रोतबाट भए पनि पुरस्कारको व्यवस्था गरिएमा उपयुक्त हुने देखिन्छ ।
- जिल्ला शिक्षा कार्यालयबाट निरीक्षणको अवस्था फितलो भएको पाइयो यसको लागि जि.शि.का. बाट विद्यालय निरीक्षण गर्ने कार्यलाई बढावा दिन सकिएमा प्रभावकारी हुने देखिन्छ । जसका लागि शिक्षासँग सम्बन्धित कार्यालयहरुको समयमै ध्यान पुगेमा प्रभावकारी हुन सक्छ ।
- अतिरिक्त क्रियाकलाप संचालन गर्न सबै जसो विद्यालयले आर्थिक समस्या देखाएको पाइयो यसको समाधानका लागि विभिन्न शिर्षकहरुबाट अतिरिक्त क्रियाकलाप संचालनका लागि आर्थिक व्यवस्थापन गर्न सके उपयुक्त हुन्छ ।
- अतिरिक्त क्रियाकलापलाई विद्यार्थीहरुको मूल्याङ्कनमा समावेश नगरेको पाइयो यसको उचित व्यवस्थापनका लागि मूल्याङ्कनको केही अंश अतिरिक्त क्रियाकलापलाई छुट्याउन सकिएमा प्रभावकारी हुन्छ ।
- अतिरिक्त क्रियाकलाप सम्बन्धी अभिभावकहरुको धारणा सकारात्मक नै पाइयो । यसका लागि उनीहरुमा सकारात्मक धारणाको विकास गरिसकेपछि कार्यक्रम संचालन गर्न सके अतिरिक्त क्रियाकलापहरु प्रभावकारी रुपमा संचालन गर्न सकिने देखिन्छ ।
- यसका साथै शिक्षासँग सम्बन्धित सम्पूर्ण निकायहरुले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरि अतिरिक्त क्रियाकलापको उचित व्यवस्थापन गर्न सकिन्छ ।

) अतिरिक्त क्रियाकलापले विद्यालयको शैक्षिक स्तर उकास्न र विद्यार्थीहरुमा पढाईमा पनि सकारात्मक भूमिका खेल्ने भएकोले यसलाई पढाई जतिकै महत्वको साथ लिन विद्यार्थी, अभिभावक, शिक्षक तथा विद्यालयसँग सबै पक्षलाई उत्प्रेरित गर्न विभिन्न कार्यक्रमको आयोजना गर्न सकिन्छ ।

यसरी उपरोक्त सम्पूर्ण सुझावहरुलाई लिखित रुपमा मात्र सिमित नराखी व्यवहारिक रुपमा प्रयोग गर्न सकिएमा माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको प्रभावकारिता वृद्धि हुनेछ । विद्यार्थीका सर्वाङ्गीण पक्षको विकासका लागि अतिरिक्त क्रियाकलापले भरपर्दो माध्यमका रुपमा काम गर्न सक्छ । यसका लागि शिक्षासँग प्रत्यक्ष  वा परोक्ष रुपमा सम्बन्ध सरोकारवाला सबै पक्षको समयमै ध्यान पुग्न आवश्यक छ ।

## सन्दर्भ सामग्रीहरु

कारखेनी बाबुराम (२०६२), युवा बुलेटिन शिक्षा तथा खेलकुद मन्त्रालय, खेलकुद तथा यूवा कार्यक्रम शाखा, केशरमहल काठमाण्डौ ।

किरातश्वेर मा.वि., धरान-१९, पब्लिक उच्च मा.वि., धरान-१२, ल्यावोरेटरी उच्च मा.वि., धरान-८, शिक्षा निकेतन उच्च मा.वि., धरान-६ तथा ज्ञानोदय उच्च मा.वि., धरान-१८ का विभिन्न अभिलेखहरु ।

खनाल पेशल (२०६६), शैक्षिक अनुसन्धान पद्धति, सनलाईट पब्लिकेशन, कीर्तिपुर, काठमाण्डौं ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), अतिरिक्त क्रियाकलाप दिग्दर्शन, नेपाल सरकार, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६१), अतिरिक्त तथा सहक्रियाकलाप निर्देशिका, नेपाल सरकार, भक्तपुर ।

पीयूष (२०६५), वार्षिक मुख-पत्र, पब्लिक उच्च मा.वि. धरान- १२, सनुसरी ।

बडु, शिवराज (२०६७) माध्यमिक तहमा अतिरिक्त क्रियाकलापको कार्यान्वयन र विद्यार्थी सहभागिता, एम.एड. शोध-पत्र, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

भट्ट, कृष्णनन्द (२०६७), सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको अवस्था एम.एड. शोधप्रतिवेदन, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

ल्यावोरेटरी उच्च मा.वि. (२०६३), विद्यालय सुधार योजना, धरान ।

शर्मा एण्ड शर्मा (२०६५), शिक्षाका आधारहरु, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स, भोटाहिटी, काठमाण्डौ. ।

शिक्षक मासिक, वर्ष- ४ पूर्णाङ्क- ३८, ४२, ४४ (२०६८), ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड, जावालाखेल ।

शिक्षा ऐन (२०२८), नविनतम् संशोधन (२०६५), शिक्षा नियमावली (२०५९), संशोधन (२०६७), पुतलीसडक, काठमाण्डौ ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), शारीरिक शिक्षा तथा सिर्जनात्मक अभिव्यक्ति (२०६७), पुतली सडक, काठमाण्डौ, बौद्धिक दर्पण प्रकाशन ।

## अनुसूची - १

## प्राचार्य/प्र.अ.का लागि अन्तरवार्ता प्रश्नाली

विद्यालय : मिति :

प्राचार्य/प्र.अ.को नाम :

१. तपाईको विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गर्नुहुन्छ ?

..........................................................................................................

..........................................................................................................

२. अतिरिक्त क्रियाकलाप सम्बन्धि कस्तो व्यवस्था गर्नु भएको छ ?

..........................................................................................................

..........................................................................................................

३. अतिरिक्त क्रियाकलाप संचालनको वार्षिक कार्य तालिका छ वा छैन ?

..........................................................................................................

..........................................................................................................

४. यदि छ भने कस्तो छ ? र छैन भने किन नबनाउनु भएको होला ?

..........................................................................................................

..........................................................................................................

५. अतिरिक्त क्रियाकलाप संचालनको लागि विशेष शिक्षकको व्यवस्था गर्नु भएको छ वा छैन ?

..........................................................................................................

..........................................................................................................

६. यदि छैन भने अतिरिक्त क्रियाकलापको संचालन तलका मध्ये कसले गर्दछ ?

क) प्राचार्य/प्रध्यानाध्यापक ख) अन्य शिक्षक ग) पियन घ) अन्य कसैले

७. अतिरिक्त क्रियाकलाप संचालन गर्दा कुन रुपमा गराइने गरेको छ ?

क) कक्षागत ख) अन्तरकक्षागत ग) अन्तर सदनात्मक घ) अन्य

८. तपाईको विद्यालयमा खेल सामग्रीहरु पर्याप्त मात्रामा छन् ?

..........................................................................................................

..........................................................................................................

९. यदि छैन भने नहुनुका मुख्य कारणहरु के-के हुन् ?

.....................................................................................................

.....................................................................................................

१०. अतिरिक्त क्रियाकलापमा सबै विद्यार्थीहरुको सहभागिता समान छ ?

.....................................................................................................

.....................................................................................................

११. यदि छैन भने समान अवस्थामा नहुनुका कारणहरु के-के हुन् ?

.....................................................................................................

.....................................................................................................

१२. अतिरिक्त क्रियाकलाप संचालन पश्चात विजयी वा उत्कृष्टलाई पुरस्कार/प्रमाण-पत्र दिइन्छ वा दिइन्दैन ?

.....................................................................................................

.....................................................................................................

१३. दिइन्छ भने के कस्ता पुरस्कार दिने गरिएको छ ?

.....................................................................................................

.....................................................................................................

१४. अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदा विद्यार्थीहरुको सिकाइ उपलब्धीमा कस्तो प्रभाव पार्छ होला ?

.....................................................................................................

.....................................................................................................

१५. अतिरिक्त क्रियाकलाप संचालनमा विद्यालयले के कस्ता कठिनाई व्यहोर्नु परेको छ ?

.....................................................................................................

.....................................................................................................

१६. अतिरिक्त क्रियाकलापलाई प्रभावकारी ढंगबाट संचालन गर्न के कस्ता उपाय अपनाउँन सकिएला ?

.....................................................................................................

.....................................................................................................

## अनुसूची - २
## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली :

विद्यालय : मिति :

शिक्षकको नाम :

१. तपाईको विद्यालयमा कुन-कुन अतिरिक्त क्रियाकलाप संचालनमा छन् ?

..........................................................................................................

..........................................................................................................

२. अतिरिक्त क्रियाकलापहरु वार्षिक कार्य योजना अनुसार नै संचालन गरिन्छन् ?

..........................................................................................................

..........................................................................................................

३. अतिरिक्त क्रियाकलाप संचालन गर्न पर्याप्त साधन श्रोतहरु छन् ?

..........................................................................................................

..........................................................................................................

४. अतिरिक्त क्रियाकलाप संचालनमा विद्यालय प्रशासनले कस्तो भुमिका निर्वाह गरेको छ?

..........................................................................................................

..........................................................................................................

५. अतिरिक्त क्रियाकलाप संचालन गराउँदा तलका कुन-कुन पक्षसँग समन्वय गर्नु हुन्छ ?

क) प्र.अ. ख) विद्यालय प्रशासन ग) जि.शि.का. घ) श्रोत केन्द्र

६. अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

७. अतिरिक्त क्रियाकलाप संचालन पश्चात उत्कउष्ट वा विजयीलाई पुरस्कारको व्यवस्था छ वा छैन ?

..........................................................................................................

..........................................................................................................

८. यदि छ भने कस्तो प्रकारको व्यवस्था गर्नु भएको छ ?

..........................................................................................................

..........................................................................................................

९. अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धीमा कस्तो असर पुऱ्याउँछ जस्तो लाग्छ ?

क) सकारात्मक ख) नकारात्मक

१०. अतिरिक्त क्रियाकलापले विद्यार्थीको सर्वाङ्गीण विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ भनिन्छ नि ? यसबारे तपाईको धारणा के छ ?

...........................................................................................................

...........................................................................................................

११. अतिरिक्त क्रियाकलापमा एकैपटक सबै विद्यार्थी समावेश गर्न सकिन्दैन । तसर्थ बढी भन्दा बढी विद्यार्थीलाई समावेश गर्न के कस्तो प्रयास गर्नु भएको छ ?

...........................................................................................................

...........................................................................................................

१२. अतिरिक्त क्रियाकलाप संचालनमा के कस्ता कठिनाईहरु व्यहोर्नु भएको छ ?

...........................................................................................................

...........................................................................................................

१३. अतिरिक्त क्रियाकलाप सम्बन्धि देखिएका समस्या समाधान गर्न के कस्ता उपायहरु अपनाउँन सकिएला ?

...........................................................................................................

...........................................................................................................

१४. अतिरिक्त क्रियाकलापलाई अझ व्यवस्थित बनाउँन के कस्ता कार्यहरु गर्न सकिएला ?

...........................................................................................................

...........................................................................................................

१५. अतिरिक्त क्रियाकलापहरुले विद्यार्थीहरुमा लैङ्गीक समानता सम्बन्धि भावनाको विकास गराउँछ ?

...........................................................................................................

...........................................................................................................

१६. अतिरिक्त क्रियाकलापले विद्यार्थी र शिक्षकको सम्बन्धमा कसरी सुधार ल्याउँछ ?

...........................................................................................................

...........................................................................................................

## अनुसूची - ३

## विद्यार्थीका लागि प्रश्नावली

विद्यालय : मिति :

विद्यार्थीको नाम :

१. तपाईको विद्यालयमा के कस्ता अतिरिक्त क्रियाकलापहरु संचालन गरिन्छ ?

........................................................................................................

........................................................................................................

२. ति क्रियाकलापहरु योजनावद्ध ढंगले वार्षिक कार्य तालिका बमोजिम सम्पन्न गरिन्छ ?

......................................................................................................

........................................................................................................

३. तपाई कुन-कुन अतिरिक्त क्रियाकलापमा सहभागि हुनु भएको छ ?

........................................................................................................

........................................................................................................

४. अतिरिक्त क्रियाकलाप कुन-कुन अवसर वा कस्तो वातावरणमा संचालन गरिन्छ ?

........................................................................................................

........................................................................................................

५. आफ्नो रुची नभएको अतिरिक्त क्रियाकलाप संचालन गर्दा तपाई के गर्नु हुन्छ ?

........................................................................................................

........................................................................................................

६. आफ्नो रुचीकर अतिरिक्त क्रियाकलापहरुमा सहभागि हुन नपाउँदा तपाई के गर्नु हुन्छ?

........................................................................................................

........................................................................................................

७. अतिरिक्त क्रियाकलाप संचालन गर्न विद्यालय एवं शिक्षकहरुबाट के कस्ता सहयोग प्राप्त भएको छ ?

........................................................................................................

........................................................................................................

८. अतिरिक्त क्रियाकलाप संचालन हुँदा विद्यालय, शिक्षक तथा प्राचार्य/प्रध्यानाध्यापकबाट के कस्ता कमजोरीहरु हुने गरेको छ ?

........................................................................................................

........................................................................................................

९. अतिरिक्त क्रियाकलापले विद्यार्थीको व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ वा पुऱ्याउँदैन?

..........................................................................................................

..........................................................................................................

१०. अतिरिक्त क्रियाकलापले विद्यार्थीको शैक्षिक उपलब्धीमा सहयोग पुऱ्याउँछ वा अवरोध सृजना गर्दछ ?

..........................................................................................................

..........................................................................................................

११. अतिरिक्त क्रियाकलापमा सहभागि हुन अभिभावकहरुले तपाईलाई अनुमति दिनु हुन्छ वा हुँदैन ?

..........................................................................................................

..........................................................................................................

१२. अतिरिक्त क्रियाकलापहरु मध्ये तपाईलाई मन पर्ने कुनै ५ ओटा क्रियाकलापहरुको नाम उल्लेख गर्नुहोस् ।

..........................................................................................................

..........................................................................................................

## अनुसूची - ४
## अभिभावकका लागि प्रश्नावली

विद्यालय : मिति :

अभिभावकको नाम :

१. तपाईको छोरा/छोरी विद्यालयमा पढाइ लेखाई बाहेक अन्य खेलकुद तथा अतिरिक्त क्रियाकलापमा सहभागि हुन्छन् कि हुँदैनन् ?

..............................................................................................................

..............................................................................................................

२. के कस्ता अतिरिक्त क्रियाकलाप तथा खेलकुदमा तपाईका छोरा/छोरी सहभागि भएको जानकारी पाउँनु भएको छ ?

..............................................................................................................

..............................................................................................................

३. विद्यालयमा संचालन हुने खेलकुद तथा अतिरिक्त क्रियाकलापमा तपाईहरुलाई निमन्त्रणा वा जानकारी आउँछ वा आउँदैन ?

..............................................................................................................

..............................................................................................................

४. तपाईले विद्यालयमा हुने खेलकुद वा अतिरिक्त क्रियाकलापका लागि के कस्तो सहयोग गर्नु भएको छ ?

..............................................................................................................

..............................................................................................................

५. अतिरिक्त क्रियाकलापले आफ्नो छोरा/छोरीको पढाइलाई फाइदा वा वेफाइदा के पुऱ्याएको छ ?

..............................................................................................................

..............................................................................................................

६. विद्यालयमा संचालन हुने अतिरिक्त क्रियाकलाप प्रत्यक्ष अवलोकन गर्नु भएको छ ?

..............................................................................................................

..............................................................................................................

७. विद्यालयमा संचालनमा हुने अतिरिक्त क्रियाकलाप पर्याप्त छ जस्तो लाग्छ ? यदि छैन भने यसका लागि के गर्नु पर्ला ?

....................................................................................................

....................................................................................................

| क्र.सं. | सञ्चालित कार्यक्रम | सञ्चालन गर्ने प्रक्रिया | सहभागीहरुको नामावली | कार्यक्रमको नतिजा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

८. यहाँलाई अतिरिक्त क्रियाकलाप प्रभावकारी ढंगले संचालन हुन नसक्नुमा के-के कुराहरुले भूमिका खेलेको हुन्छ जस्तो लाग्छ ?

..........................................................................................................

..........................................................................................................

९. अतिरिक्त क्रियाकलापको विकास तथा समस्या समाधानमा तपाईको भूमिका के हुन सक्छ ?

..........................................................................................................

..........................................................................................................

१०. अतिरिक्त क्रियाकलापको सम्बन्धमा प्राचार्य/प्रध्यानाध्यापक, शिक्षक एवं विद्यार्थीलाई एक/एक ओटा सुझाव दिनु परेमा के-के सुझाव दिनु हुन्छ ?

..........................................................................................................

..........................................................................................................

**अनुसूची - ५**

**अतिरिक्त क्रियाकलापको प्रभावकारिता अध्ययनको लागि**

**छनौट गरिएका विद्यालयहरुको विवरण**

विद्यालयको नाम : मिति :

कार्यक्रम संचालकको नाम :

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री शिक्षा निकेतन उच्च मा.वि. | धरान-६ |
| २ | श्री पब्लिक उच्च मा.वि. | धरान-१२ |
| ३ | श्री ज्ञानोदय उच्च मा.वि. | धरान-११ |
| ४ | श्री ल्याबोरेटरी उच्च मा.वि. | धरान-८ |
| ५ | श्री किरातेश्वर मा.वि. | धरान-१९ |

## अनुसूची - ६

## विद्यार्थीका लागि लक्षित समूह छलफल (FGD) निर्देशिका :

विद्यालयको नाम : मिति :

ठेगाना :

विद्यार्थी संख्या :

१. परिचयात्मक कार्यक्रम :

२. अध्ययनको उद्देश्य/परिचय :

३. विषयवस्तुको प्रवेश :

४. अतिरिक्त क्रियाकलाप सम्बन्धिको धारणा :

५. अतिरिक्त क्रियाकलाप अन्तर्गत संचालन हुने कार्यक्रमहरु :

६. अतिरिक्त क्रियाकलापका लागि आवश्यक श्रोत र सामग्रीहरु :

   क) खेल मैदान र खेल सामग्रीहरु ख) आर्थिक श्रोत

   ग) स्थानीय श्रोत र सामग्रीहरु घ) अन्यक्रियाकलापका लागि चाहिने श्रोत र सामग्रीहरु

७. अतिरिक्त क्रियाकलापले व्यक्तित्व विकासमा पुऱ्याउने सहयोग :

८. अतिरिक्त क्रियाकलापमा विजयी वा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था :

   क) नगद वा शैक्षिक सामग्री ख) प्रमाण-पत्र वा पदक/मेडल

   ग) मौखिक पुरस्कार घ) अन्य

९. अतिरिक्त क्रियाकलापमा विजयी वा उत्कृष्ट स्थान हासिल गर्दा हुने अनुभूति :

   क) आत्मगौरब बढ्ने ख) नियमित अध्ययन गर्ने सोच

   ग) कार्यक्रममा सधैं सहभागि हुने प्रेरणा घ) सहपाठीहरुमाझ प्रतिस्पर्धा

१०. अतिरिक्त क्रियाकलाप प्रभावकारी रुपमा संचालनमा बाधा पुऱ्याउँने तत्वहरु :

११. अतिरिक्त क्रियापलाप प्रभावकारी ढंगले संचालन गर्न सहयोग पुऱ्याउँने उपायहरु :